# प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

नेपाल

२०७२

# विषय सूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शनका उद्देश्यहरु | १ |
| ३. | लेखापरीक्षण क्षेत्राधिकार | १ |
| ३.१ | लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था | १ |
| ३.२ | लेखापरीक्षण भएका अन्तर्राष्ट्रिय घोषणाहरु | २ |
| ४. | प्रकोप व्यवस्थापन चक्र | ३ |
| ५. | विपद् व्यवस्थापनसम्बन्धी विद्यमान कानुनी व्यवस्था | ४ |
| ६. | विपद् व्यवस्थापनसम्बन्धी संगठनात्मक जिम्मेवारी एवं समन्वय | १० |
| ७. | प्रकोप व्यवस्थापन लेखापरीक्षणको उद्देश्य | १२ |
| ८. | लेखापरीक्षण प्रकार | १३ |
| ८.१ | वित्तीय लेखापरीक्ष ण | १३ |
| ८.२ | कार्यमूलक लेखापरीक्षण | १४ |
| ८.३ | प्रकोपसम्बन्धी परिपालना लेखापरीक्षण | १४ |
| ९. | लेखापरीक्षणको क्षेत्र | १५ |
| १०. | लेखापरीक्षणको पद्धति | १७ |
| ११. | जोखिम मूल्याङ्कन | १७ |
| १२. | लेखापरीक्षणसम्बन्धी संस्थागत व्यवस्था | १९ |
| १३. | लेखापरीक्षण प्रतिवेदन व्यवस्था | २० |
| १४. | जनशक्ति विकास एवं अन्तर्राष्ट्रिय सहयोग | २० |
| १५ | अनुसूचीहरु | २२ |

# प्राक्कथन

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, आँधीबेहरी, शीतलहर, हिमताल विस्फोट, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल जस्ता प्रकोपका घटनाहरूका अतिरिक्त  बर्डफ्लु, महामारी, चट्याङ आदिको जोखिममा रहेको छ । यस्ता विपद् वा प्रकोपका कारणहरूबाट नेपालले ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ । नेपालमा विपद् व्यवस्थापनको लागि दैवीप्रकोप (उद्धार) ऐन, विपद् व्यवस्थापनसम्बन्धी रणनीति, मापदण्ड, मार्गदर्शन, निर्देशिकाहरू नेपाल सरकारले कार्यान्वयनमा ल्याएको छ । यसका अतिरिक्त देशका अन्य कतिपय ऐन, नियम नियमावली, निर्देशिका तथा मापदण्डहरूका कतिपय कानुनी प्रावधानहरू विपद् व्यवस्थापनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित छन् ।

विपद् व्यवस्थापन कार्यको लागि नेपाल सरकारले ठूलो मात्रामा धन, जन र समय खर्च गर्ने गरेको छ । नेपाल सरकारका विभिन्न केन्द्रीय निकाय र विभागदेखि स्थानीय निकायहरु विपद् व्यवस्थापन कार्यमा संलग्न छन् । नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा यो विषयले महत्वपूर्ण स्थान पाएको छ । यस सम्बन्धमा बजेट खर्चलगायतका नेपाल सरकारका नीति र कार्यक्रमहरुको सञ्चालन नियमित, मितव्ययी, कार्यदक्ष, प्रभावकारी र औचित्यपूर्ण भए नभएको भन्ने विषयहरुमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन दिनुपर्ने हुन्छ ।

महालेखापरीक्षकको कार्यालयबाट नेपालको संविधान, लेखापरीक्षण ऐनलगायत अन्य कानुनी प्रावधानअनुसार लेखपरीक्षण गरिन्छ । लेखापरीक्षणमा गुणस्तर, विश्वसनीयता र पेशागत दक्षता अभिवृद्धिको लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय लेखापरीक्षण मानको पालना गर्नुपर्दछ ।

प्रकोप व्यवस्थापन लेखापरीक्षणमा सहजता ल्याउने उद्देश्यले यो प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन तयार गरिएको छ । प्रकोप व्यवस्थापनसम्बन्धी क्रियाकलापको लेखापरीक्षणमा संलग्न लेखापरीक्षकहरुबाट यो मार्गदर्शन लगायत महालेखापरीक्षकबाट जारी गरेका कार्यमूलक लेखापरीक्षण, वित्तीय लेखापरीक्षण र परिपालना लेखापरीक्षणसम्बन्धी मार्गदर्शन, निर्देशन, नीति र लेखापरीक्षणसम्बन्धी सिद्धान्तको पालना गर्नुपर्दछ । यो मार्गदर्शनको प्रयोगबाट लेखापरीक्षण सम्पन्न गरी प्रकोप व्यवस्थापनको क्षेत्रमा यथार्थ, वस्तुनिष्ठ र नतिजामूलक प्रतिवेदन जारी गर्न सकिने विश्वास लिएको छु ।

प्रस्तुत मार्गदर्शन तयार गर्ने कार्यमा संलग्न कार्यदललाई धन्यवाद दिन चाहन्छु ।

**(भानुप्रसाद आचार्य)**
महालेखापरीक्षक

मितिः २०७२।४।

# प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन

## १ परिचय

प्रकोप व्यवस्थापन एक विशिष्ट क्रियाकलाप हो । यो असामान्य परिस्थितिमा सिर्जना हुने भएकाले अन्य लेखापरीक्षणमा भन्दा विशिष्ट कार्यविधि अवलम्बन गर्नुपर्ने हुन्छ । यस मार्गदर्शनमा प्रकोप व्यवस्थापनको लेखापरीक्षणमा अवलम्बन गर्नुपर्ने विशेष कार्यविधि र क्रियाकलापहरु समावेश गरिएका छन् । यो मार्गदर्शनका विषयलाई वित्तीय, परिपालना र कार्यमूलक लेखापरीक्षण निर्देशिकामा उल्लिखित लेखापरीक्षणका समग्र प्रक्रिया एवं पद्धतिसम्बन्धी प्रवधानहरु सँगसँगै प्रयोग गर्नुपर्दछ ।

## २ प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शनका उद्देश्यहरु

प्रकोप व्यवस्थापन लेखापरीक्षण सम्बन्धमा जारी भएका अन्तर्राष्ट्रिय मान अनुकूल हुने गरी यो राष्ट्रिय मार्गदर्शन तयार गरिएको छ । मार्गदर्शन लागू गर्नुका प्रमुख उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- देशमा समय समयमा आइपर्ने प्रकोपहरुको व्यवस्थापनसँग सम्बन्धित क्रियाकलाप र खर्चको प्रभावकारी रुपमा लेखापरीक्षण गर्न सहयोग गर्नु,
- प्रकोप व्यवस्थापनको लेखापरीक्षणलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाउनु,
- प्रकोप व्यवस्थापन लेखापरीक्षणका असल अभ्यासलाई अनुसरण गर्नु,
- प्रकोप व्यवस्थापन लेखापरीक्षणको आधारभूत संरचना कार्यविधि एवं नीति निर्धारण गर्नु,
- प्रकोप व्यवस्थापन लेखापरीक्षणको क्षेत्र, पद्धति एवं जोखिमका क्षेत्र पहिचान गर्न सहयोग पुर्‍याउनु,
- प्रकोप व्यवस्थापन लेखापरीक्षणको लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्नु

## ३ लेखापरीक्षण क्षेत्राधिकार

### ३.१ लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था

- **नेपालको अन्तरिम संविधान, २०६३ -** महालेखापरीक्षकलाई आफ्ना काम कारबाही सुचारु गर्न नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक अधिकार प्रत्याभूत गरेको छ । महालेखापरीक्षकबाट सबै सरकारी कार्यालय र कानुनमा व्यवस्था भएबमोजिमका निकायको लेखा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतका विचार गरी लेखापरीक्षण हुने प्रावधान रहेको छ । लेखापरीक्षणको लागि महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले जुनसुकै समयमा जुनसुकै कागजपत्र तथा जानकारी माग गर्न र हेर्न पाउने र सम्बन्धित कार्यालय प्रमुखले सो उपलब्ध गराउनुपर्ने र लेखापरीक्षण गरिने लेखा सम्बन्धित कानुनका अधीनमा रही महालेखापरीक्षकद्वारा तोकिएको ढाँचामा राखिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।
- **लेखापरीक्षण ऐन, २०४८ -** लेखापरीक्षण ऐन, २०४८ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु उल्लेख गरेको छ । लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा नेपाल सरकारद्वारा अनुदान प्राप्त गरी सञ्चालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न, सरकारी कामको ठेक्का लिने ठेकेदारलाई निजसँग रहने सो ठेक्कासँग सम्बन्धित कागजात वा अन्य प्रमाणसमेत प्रस्तुत गर्न लगाउने र लेखापरीक्षणको काममा कुनै विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था छ । ऐनमा विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही

खर्च गरिएको, आर्थिक कारोबार गर्दा प्रचलित कानुनको अनुसरण गरिएको, आम्दानी खर्चका प्रमाण यथेष्ट राखेको, तोकिएको ढाँचा अनुरूप लेखा राखिएको, लेखाले आर्थिक कारोबारको यथार्थ चित्रण गरेको, सरकारी सम्पत्तिको लगत दुरूस्त र अद्यावधिक रहेको, सरकारी सम्पत्तिको संरक्षण र सुप्रबन्धको पर्याप्त व्यवस्था रहेको, नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरिएको विषयहरुमा परीक्षण गर्नुपर्ने उल्लेख छ ।

त्यसैगरी आर्थिक कारोबार सम्बन्धमा नियमको पर्याप्तता र तिनको पालना, कार्यालयको संगठन, व्यवस्थापन, कार्य विभाजन र कार्य संचालनको यथेष्टता तथा समुचितता, कुनै काम अनावस्यक रुपमा दोहोरो हुने गरिएको र आवस्यक काम गर्न छुटाएको अवस्था, उपलब्ध श्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था सम्बन्धमा परीक्षण गर्नुपर्ने उल्लेख छ । कार्यक्रमअनुसार प्रगति भएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक रहेको, कार्यालयको उद्देश्य र नीतिको स्पष्टता एवं निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप कार्यक्रम तयार भएको, स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको, लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब रहेको र लक्ष्य प्रगति तथा लागत खर्चको आँकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो रहेको छन् वा छैनन् भन्ने विषयमा पनि परीक्षण गर्नुपर्ने उल्लेख छ ।

उपर्युक्त विषयहरु प्रकोप लेखापरीक्षणको क्रममा समेत उपयुक्त र सान्दर्भिक भएकाले यी विषयहरुमा समेत ध्यान दिई परीक्षण गर्नुपर्दछ ।

## ३.२ लेखापरीक्षण भएका अन्तर्राष्ट्रिय घोषणाहरु

**इन्टोसाइ (INTOSAI) तथा एशोसाइ (ASOSAI) घोषणाहरु:** सार्वजनिक क्षेत्रको लेखापरीक्षणको गुणस्तर, विश्वसनीयता र दक्षता अभिवृद्धिको लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनलाई अंग्रेजीमा International Organization of Supreme Audit Institutions (INTOSAI) ले समय समयमा विभिन्न घोषणा जारी गरेको छ । तिनै घोषणाहरुलगायत अन्य मानदण्डलाई समेटेर इन्टोसाइले अन्तर्राष्ट्रिय लेखापरीक्षण मान International Standards of Supreme Audit Institutions (ISSAI) तर्जुमा गरेको छ । यिनै इसाइहरु (ISSAIs) र नेपालको कानुनअन्तर्गत रहेर महालेखापरीक्षकले लेखापरीक्षणसम्बन्धी नीति, मानदण्ड, मार्गदर्शन तथा निर्देशिकाहरु जारी गर्दछ ।

इन्टोसाइले तर्जुमा गरेका विभिन्न इसाइहरुलाई निम्न लिखित ४ वटा श्रृंखलामा विभक्त गरिएको छ :

(क) **आधारभूत सिद्धान्त (Founding Principles):** इसाई १ देखि ९ सम्म लेखापरीक्षणका आधारभूत सिद्धान्त रहेका छन् । जस अन्तर्गत लिमा घोषणापत्रमा सर्वोच्च लेखापरीक्षण संस्थाको उचित र प्रभावकारी कानुनी संरचना हुनुपर्ने, संस्था प्रमुख र सदस्यको नियुक्ति सेवा शर्त एवं अवकाशका शर्तहरु कानुनमा व्यवस्था गरिनुपर्ने, प्रतिवेदन गर्ने अधिकार र दायित्व हुनुपर्ने, प्रतिवेदनको विषयवस्तु र समयसीमा एवं प्रकाशन गर्ने स्वतन्त्रता हुनुपर्ने, सुझाव कार्यान्वयनको अनुगमन गर्न सक्षम र स्वतन्त्र व्यवस्था हुनुपर्ने, मानवीय एवं वित्तीय स्रोतसाधन र प्रशासनिक व्यवस्थापनमा स्वतन्त्रता हुनुपर्ने व्यवस्था गरिएको छ ।

(ख) **सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसञ्चालनको लागि पूर्व आवश्यकताहरु (Prerequisite for the functioning of SAI):** इसाई १० देखि ९९ सम्म रहने व्यवस्था छ । जस अन्तर्गत सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता, पारदर्शिता तथा जवाफदेहिता, लेखापरीक्षकको आचारसंहिता र गुणस्तर नियन्त्रणलगायतका मानदण्डहरु जारी भएका छन् ।

(ग) **लेखापरीक्षणका मूलभूत सिद्धान्त (Fundamental Principles of Auditing):** यस अन्तर्गत इकाई १०० देखि ९९९ सम्म लेखापरीक्षणका मूलभूत मान्यतालाई व्यवस्थित गरी लेखापरीक्षणका प्रक्रियालाई व्याख्या गरिएको छ । इसाई १०० मा सार्वजनिक लेखापरीक्षणसम्बन्धी मूलभूत

सिद्धान्तहरु, इसाई २०० मा वित्तीय, इसाई ३०० मा कार्यमूलक र इसाई ४०० मा परिपालनाको लेखापरीक्षणसम्बन्धी मूलभूत सिद्धान्तहरुको व्यवस्था गरिएको छ ।

(घ) **लेखापरीक्षण मार्गदर्शन ( Auditing Guidelines):** यसअन्तर्गत इकाई १००० देखि ४९९९ लेखापरीक्षण मार्गदर्शन बनेका छन् । इसाई १००० देखि २९९९ सम्म वित्तीय लेखापरीक्षण मार्गदर्शन, ३००० देखि ३९९९ सम्म कार्यमूलक लेखापरीक्षणसम्बन्धी मार्गदर्शन र ४००० देखि ४९९९ सम्म परिपालनाको लेखापरीक्षणसम्बन्धी मार्गदर्शनको व्यवस्था गरिएको छ । इसाई ५००० देखि ५९९९ सम्म विशेष लेखापरीक्षण मार्गदर्शन कार्यान्वयनमा छन् । विशेष लेखापरीक्षण मार्गदर्शनअन्तर्गत वातावरणीय क्षेत्रको लेखापरीक्षण, ऋण लगानी, सहकारीको लेखापरीक्षण, प्रकोप व्यवस्थापन लेखापरीक्षण, समकक्षी पुनरावलोकन आदि कार्यान्वयनमा रहेका छन् ।

सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनले इसाई ५५०० श्रेणीअन्तर्गत प्रकोपपूर्वका क्रियाकलाप र प्रकोपपछिका क्रियाकलापको लेखापरीक्षण कार्यलाई मार्गदर्शन गर्न निर्देशिका तयार गरेको छ । जसअनुसार इसाई ५५०० मा प्रकोप व्यवस्थापनका विभिन्न चरणका क्रियाकलापहरुको लेखापरीक्षणसँग सम्बन्धित मानदण्ड र असल अभ्यासहरु उल्लेख गरिएका छन् । इसाई ५५१० ले प्रकोपपूर्वका क्रियाकलाप र इसाई ५५२० ले प्रकोप पश्चात्का क्रियाकलाप लेखापरीक्षणलाई मार्गदर्शन प्रदान गर्दछ । यसैगरी इसाई ५५३० ले आपतकालीन क्रियाकलापको सञ्चालनमा मस्यौट एवं भ्रष्टाचारका गतिविधि पत्ता लगाउने विधिहरु उल्लेख गरेको छ । इसाई ५५४० ले जियोस्पाटियल सूचनाको लेखापरक्षिणमा प्रयोग गर्ने सम्बन्धमा जानकारी प्रदान गर्दछ । जियोस्पाटियल सूचनाको प्रयोगबाट पृथ्वीको कुनै विशेष स्थानको भौगोलिक अवस्था सम्बन्धी सूचना मिल्दछ । जस्तै कुनै नगरपालिकाको अवस्थिति, भौतिक पूर्वाधारको अवस्था, सार्वजनिक स्थल, अस्पताल, जमिनको बनावट, माटोको अवस्था, जमिनको उपयोगसम्बन्धी सूचना प्राप्त हुन्छ । यी सूचनाको विश्लेषणबाट प्रकोप जोखिमको अवस्था र जोखिम व्यवस्थापनको रणनीति निर्धारण गर्न सहज हुन्छ । लेखापरीक्षकले समेत यी सूचनाको विश्लेषण गर्नुपर्ने तथ्यलाई उक्त मानदण्डले व्याख्या गरेको छ । यिनै इसाईको आधारभूत मान्यतामा रहेर यो लेखापरीक्षण मार्गदर्शन तर्जुमा गरिएको छ ।

## ४ प्रकोप व्यवस्थापन चक्र

प्रत्येक देशले प्रकोपको परिणतिबाट उब्जेको नाजुक अवस्थालाई सुधार्ने ध्येयले प्रकोप व्यवस्थापन नीतिको तर्जुमा गर्दछन् । यी नीतिहरुले माथिको प्रकोप व्यवस्थापन चक्रमा उल्लिखित प्रायजसो क्रियाकलापलाई समेटेको हुन्छ । प्रकोपपूर्वको अवस्था र प्रकोपपश्चात्को अवस्था गरी प्रकोप व्यवस्थापनका दुई चरण हुन्छन् ।

प्रकोप पूर्वको अवस्था अन्तर्गत **न्यूनीकरण तथा रोकथाम** र **तयारी**का क्रियाकलाप सञ्चालन गरिन्छ । जसमा जोखिम मूल्याङ्कन, रोकथाम, बचावट, क्षतिको नक्साङ्कन, नाजुक अवस्थाको मूल्याङ्कन, प्रकोप व्यवस्थापन रणनीतिको तर्जुमा, बाढी नियन्त्रणका संरचना निर्माण, कमजोर भवन तथा संरचनाको सवलीकरण, कानुनी प्रावधान र निर्माणसंहिताको कार्यान्वयन, आकस्मिक योजना, कार्य योजना, पूर्व चेतावनी, शिक्षा, जनचेता अभिवृद्धि भूउपयोग योजना, बसाई सार्ने योजना, खुल्ला स्थान व्यवस्था, आकस्मिक बसोबास, आधारभूत बन्दोबस्तीका सामग्री व्यवस्थालगायतका क्रियाकलापहरु पर्दछन् । यी क्रियाकलापहरु जीउधनको क्षतिलाई न्यूनीकरण गर्नेतर्फ सम्बन्धित रहेका छन् ।

प्रकोप घटेको अवस्थामा शीघ्र सहयोगको जरुरत पर्दछ । प्रकोपपश्चात् उद्धार तथा राहत, पुनर्स्थापना र पुनर्निर्माण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिन्छ । **उद्धार तथा राहत** अर्न्तगत पीडित र निजहरुको सम्पत्तिको उद्धारमा तदरुकता, प्राथमिक उपचार, खाद्य, पानी, वासस्थान, लत्ता कपडा, उपचार, सुरक्षा आदि क्रियकलापहरु पर्दछन् ।

**पुनर्स्थापना** अर्न्तगत आधारभूत सुविधा स्थापना, दङ्गा तथा महामारी हुनबाट जोगाउने, अस्थायी बासस्थान, पीडितहरुको हेरचाह, आधारभूत पूर्वाधार व्यवस्था र घाइतेको उपचार पर्दछन् । **पुनर्निर्माण**मा सेवा

सुविधाको पूर्ण सामान्यीकरण, भत्केका सम्पत्तिको मर्मत पुनः निर्माण, भौतिक पूर्वाधार मर्मत सम्भार र पुनः निर्माण पर्दछन् । यसअन्तर्गतका प्रमुख क्रियाकलापमा स्थायी घर, विद्यालय र स्वास्थ्यचौकीको निर्माण कार्य गरिन्छ । साथै आर्थिक क्षेत्रको पुनर्सञ्चालन, सार्वजनिक पूर्वाधार, सडक, खानेपानी तथा ढल र सरसफाई आदि कार्यहरुको पुनर्स्थापनाका कार्यहरु पनि यसअन्तर्गत पर्दछन् ।




## ५ विपद् व्यवस्थापनसम्बन्धी विद्यमान कानुनी व्यवस्था

देशमा समय समयमा आइपर्ने प्रकोप व्यवस्थापनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न र खर्चको प्रभावकारी व्यवस्थापन गर्न विभिन्न कानुनी व्यवस्था गरिएको पाइन्छ । यसलाई अनुसूची (च) मा उल्लेख गरिएको छ । उल्लिखित बाहेकका अन्य कानुनले, सरकारका नीति, रणनीति, योजना, मार्गदर्शन, कार्यक्रम, आदेश, निर्देशन तथा अन्तर्राष्ट्रिय वा क्षेत्रीयस्तरका सन्धि सम्झौता आदिले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् वा प्रकोपसम्बन्धी कार्यलाई निर्देशित गर्न सक्दछन् । केही प्रमुख कानुनी प्रावधानहरु यसप्रकार छन् ।

### ५.१ दैवी प्रकोप (उद्धार) ऐन, २०३९ मा भएका मुख्य व्यवस्थाहरुः

५.१.१ दफा २ (क) अनुसार ***दैवी प्रकोप*** भन्नाले भूकम्प, आगलागी, आधीवेरी, बाढी पैह्रो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनुपर्दछ र सो शबदले औद्योगिक दुर्घटना विस्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाईसमेत जनाउँछ ।

५.१.२ दफा २(ग) अनुसार ***दैवी प्रकोप उद्धार कार्य*** भन्नाले दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रमा दैवी प्रकोपको नियन्त्रण र रोकथाम तथा तत्सम्बन्धी पूर्वतयारी र दैवी प्रकोपबाट जनतालाई परेको पीरमर्का तथा

असुविधा हटाउनको लागि दैवी प्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा दैवी प्रकोपबाट असर परेको क्षेत्रको पुनर्निर्माण गर्ने कार्यलगायत दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि गरिने जुनसुकै उद्धार कार्य सम्झनुपर्छ ।

५.१.३ दफा ३ देहायबमोजिम संकटग्रस्त क्षेत्र घोषणा गर्नसक्ने व्यवस्था छः

- नेपाल सरकारले आवश्यक देखेमा दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रको सीमाना तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अवधिको लागि संकटग्रस्त क्षेत्र घोषणा गर्नसक्नेछ ।
- संकटग्रस्त क्षेत्र घोषणा गरेको अवधिभित्र दैवी प्रकोपबाट उत्पन्न स्थितिलाई काबुमा ल्याउन नसकेमा त्यस्तो अवधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकताअनुसार बढाउन सक्नेछ ।

५.१.४ दफा ४ अनुसार नेपाल सरकारले संकटग्रस्त क्षेत्रमा दैवी प्रकोप उद्धार कार्य गर्न गराउनको लागि देहायको कुनै वा सबै काम गर्ने आदेश आवश्यकताअनुसार सम्बन्धित कसैलाई पनि दिन सक्नेछः

(क) संकटग्रस्त क्षेत्रमा आवश्यकताअनुसार सरकारी वा गैरसरकारी कार्यालय, शिक्षण संस्था तथा अन्य संघसंस्थाहरूलाई केही अवधिको लागि बन्द गर्ने,

(ख) संकटग्रस्त क्षेत्रमा दैवी प्रकोप उद्धार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारवाई गर्न नदिने,

(ग) सरकारी वा गैरसरकारी कार्यालय वा संस्थाका कर्मचारीहरूलाई काजमा खटाउने,

(घ) संकटग्रस्त क्षेत्रभित्रका व्यक्तिहरूलाई सुरक्षित स्थानमा सार्ने वा सार्न लगाउने,

(ङ) दैवी प्रकोप उद्धार कार्यको प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थाको चल अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्ने,

(च) संकटग्रस्त क्षेत्रमा रहेका मालसामानहरू सुरक्षित स्थानमा सार्ने वा सार्न लगाउने,

(छ) सरकारी स्रोत तथा साधनलाई उपयोग गर्ने,

(ज) सम्बन्धित जिल्लाभित्रका गैरसरकारी कार्यालय, संस्था वा व्यक्तिको सवारीसाधनलाई कुनै निश्चित अवधिसम्मको लागि नियन्त्रणमा लिने र प्रयोग गर्ने,

(झ) सम्बन्धित जिल्लाभित्रको गैरसरकारी कार्यालय, संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू नियन्त्रणमा लिने र दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई वितरण गर्ने,

(ञ) संकटग्रस्त क्षेत्रमा पर्ने जग्गा, घर, कल-कारखाना, देव-देवालय तथा धार्मिक स्थल र अन्य यस्तै महत्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन उपाय गर्ने,

(ट) सहयोग टोलीहरू गठन गरी संकटग्रस्त क्षेत्रमा पठाउने,

(ठ) सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायहरूको व्यवस्था गर्ने ।

५.१.५ **केन्द्रीय दैवी प्रकोप उद्धार समितिको गठनः** दैवी प्रकोप उद्धार कार्यसम्बन्धी नीतिको तर्जुमा गर्न, कार्यक्रम बनाउन र कार्यान्वयन गर्न तथा तत्सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्न केन्द्रीय दैवी प्रकोप उद्धार समिति गठन गर्न सक्नेछ । यस समितिमा गृहमन्त्री - अध्यक्ष, भौतिक पूर्वाधार तथा यातायातमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, जलस्रोत मन्त्रालय, सञ्चार मन्त्रालय, वन तथा भू–संरक्षण

मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, आपूर्ति मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालयका सचिवहरु सदस्य रहने व्यवस्था छ । यसैगरी जङ्गी अड्डाका उपरथी, प्रहरी महानिरीक्षक, समाज कल्याण परिषद्का प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि, नेपाल स्काउटका प्रतिनिधि, खानी तथा भूगर्भ विभागका महानिर्देशक, जल वायु विज्ञान विभागका महानिर्देशक, नेपाल सरकारबाट मनोनीत लब्ध प्रतिष्ठित दुई व्यक्ति सदस्य रहने व्यवस्था छ ।

५.१.६ **उपसमिति गठनः** केन्द्रीय समितिलाई आवश्यक सुझाव र सल्लाह दिन, केन्द्रीय समितिको नीति निर्देशन कार्यान्वयन गर्नमा सघाउ पुऱ्याउन तथा दैवी प्रकोप परेकोमा उद्धार र पुनर्स्थापना गर्ने कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न गराउन केन्द्रीय समितिले उद्धार तथा उपचार उपसमिति र आपूर्ति, आश्रय तथा पुनर्स्थापना उपसमिति गठन गर्न सक्नेछ । उद्धार तथा उपचार उपसमितिमा स्वास्थ्य तथा जनसंख्यामन्त्रीको संयोजकत्वमा सूचना तथा सञ्चार मन्त्रालयका सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सदस्य रहने व्यवस्था छ । त्यसै गरी जङ्गी अड्डाका उपरथी, प्रहरी महानिरीक्षक, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि, नेपाल स्काउटका प्रतिनिधि सदस्य रहने व्यवस्था छ । आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिमा शहरी विकासमन्त्री -संयोजक, अर्थ मन्त्रालय, गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय , श्रम तथा रोजगार मन्त्रालय, जलस्रोत मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवहरु सदस्य हुने व्यवस्था छ । समाज कल्याण परिषद्का प्रतिनिधि पनि सदस्य रहने **व्यवस्था छ ।**

५.१.७ **केन्द्रीय दैवी प्रकोप उद्धार समितिको काम कर्तव्यः** केन्द्रीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः

(क) दैवी प्रकोपबाट असर परेको इलाकालाई संकटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) दैवी प्रकोपको नियन्त्रण, रोकथाम र तत्सम्बन्धी पूर्वतयारी र दैवी प्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा दैवी प्रकोपबाट असर परेको क्षेत्रको पुनर्निर्माण आदि उद्धार कार्यसम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा गर्न तथा सो नीतिअनुसारको कार्यक्रम बनाई नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) नीति तथा कार्यक्रम नेपाल सरकारबाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने,

(घ) केन्द्रीय दैवी प्रकोप सहायता कोषबाट नेपालभित्र तथा बाहिरबाट प्राप्त सहायता रकम, खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू सुरक्षितसाथ राख्ने र सो कोषबाट त्यस्तो वस्तुहरू आवश्यकताअनुसार संकटग्रस्त क्षेत्रमा दैवी प्रकोप उद्धार कार्यको लागि पठाउने,

(ङ) दैवी प्रकोप उद्धार कार्य गर्न सामाजिक संघसंस्थाहरूलाई सम्मिलित गराउने र ती संघ संस्थाहरूको काम कारबाहीमा समन्वय कायम गर्ने,

(च) दैवी प्रकोप उद्धार कार्यमा सहयोगको लागि टोलीहरू गठन गरी संकटग्रस्त क्षेत्रमा पठाउने,

(छ) जिल्ला समिति तथा स्थानीय समितिलाई उद्धार कार्य गर्ने गराउने सम्बन्धमा निर्देशन दिने ।

५.१.८ **अन्य दैवी प्रकोप उद्धार समितिः** दैवी प्रकोप उद्धार कार्य गर्न गराउनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार क्षेत्रीय दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति तथा स्थानीय दैवी प्रकोप उद्धार समिति गठन गर्न सक्नेछ । त्यस्ता समितिहरूको कार्यविधि र सदस्यहरूको कार्यावधि सोही सूचनामा तोकिएबमोजिम हुनेछ ।

५.१.९ **क्षेत्रीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः**

(क) दैवी प्रकोप उद्धार कार्य सम्बन्धी क्षेत्रीयस्तरको नीति तर्जुमा गर्ने तथा तत्सम्बन्धी कार्यक्रम बनाउने सम्बन्धमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई आवश्यक सुझाव दिने,

(ख) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा जिल्ला समितिहरू बीच समन्वय गर्ने गराउने,

(ग) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा केन्द्रीय समितिलाई समय समयमा जानकारी दिने ।

५.१.१० **जिल्ला दैवी प्रकोप उद्धार समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः**

(क) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा स्थानीय समितिहरू बीच समन्वय गर्ने गराउने,

(ख) दैवी प्रकोप उद्धार कार्यसम्बन्धी जिल्ला स्तरीय योजना तर्जुमा गरी त्यस्तो योजना क्षेत्रीय समितिमा पेश गर्ने,

(ग) स्थानीय समितिहरूबाट भए गरेको दैवी प्रकोप उद्धार कार्यहरूको रेखदेख गर्ने र भइरहेको दैवी प्रकोप उद्धार कार्यमा टेवा पु¥याउने,

(घ) दैवी प्रकोप उद्धार कार्यको सम्बन्धमा क्षेत्रीय समितिलाई समय समयमा जानकारी दिने ।

५.१.११ **स्थानीय दैवी प्रकोप उद्धार समितिको काम र कर्तव्यः** स्थानीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः

(क) दैवी प्रकोपबाट भएको क्षतिको विस्तृत विवरण तयार गरी दैवी प्रकोपबाट पीडित व्यक्तिलाई उद्धार तथा पुनर्स्थापनाको लागि चाहिने आवश्यक स्रोत तथा साधनको समेत अनुमान गरी जिल्ला समितिमा पेश गर्ने,

(ख) आवश्यकताअनुसार स्वयंसेवकहरूको टोली गठन गरी उद्धार कार्य सञ्चालन गर्ने गराउने,

(ग) दैवी प्रकोपबाट घाइते हुन पुगेका व्यक्तिहरूलाई सकभर छिटो नजिकको स्वास्थ्यचौकी वा अस्पताल पु¥याउन आवश्यक व्यवस्था मिलाउने,

(घ) दैवी प्रकोपबाट पीडित व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न लगाउने व्यवस्था गर्ने,

(ङ) जिल्ला समिति तथा अन्य स्थानीय स्रोतबाट प्राप्त भएको नगद तथा वस्तुगत सहयोग दैवी प्रकोपबाट पीडित परिवारहरूलाई व्यवस्थित तरिकाले वितरण गर्ने,

(च) दैवी प्रकोपको संभावित घटनाहरूको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा पूर्वतयारीको लागि जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने,

(छ) दैवी प्रकोप उद्धार कार्य समाप्त भएपछि बाँकी रहन आएको मालसामान र नगद तथा तत्सम्बन्धी हिसाब किताब दैवी प्रकोप उद्धार कार्यको जिल्ला समितिमा बुझाउने ।

५.१.१२ दैवी प्रकोप केन्द्रीय सहायता कोष, दैवी प्रकोप क्षेत्रीय सहायता कोष, दैवी प्रकोप जिल्ला सहायता कोष र दैवी प्रकोप स्थानीय सहायता कोषको नामबाट दैवी प्रकोप सहायता कोष रहने व्यवस्था गरिएको छ । दैवी प्रकोप केन्द्रीय सहायता कोषमा नेपाल सरकारले प्रदान गरेको रकम, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने व्यवस्था छ । दैवी प्रकोप सहायता कोषको लागि प्राप्त खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री इत्यादि जिन्सी आम्दानी र खर्चको हिसाब छुट्टै राखिनेछ ।

५.१.१३ केन्द्रीय समिति, क्षेत्रीय समिति, जिल्ला समिति तथा स्थानीय समितिबाट भएको खर्चको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा सो कार्यालयले तोकेको लेखापरीक्षकबाट हुने व्यवस्था छ ।

## ५.२ प्रधानमन्त्री दैवी प्रकोप कोषमा सञ्चालन नियमावली, २०६३ मा भएका मुख्य व्यवस्थाहरुः

५.२.१ नियम ३.१ मा व्यवस्था भएअनुसार प्रधानमन्त्री दैवी प्रकोप कोषमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, संवैधानिक पदाधिकारी, सांसद, निजामती, जङ्गी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम । यीदेखिबाहेक सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, ब्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनैतिक दल, ट्रेड युनियन, गैरसरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम, दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैरसरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम, नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम र कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकमहरु जम्मा हुने व्यवस्था छ ।

५.२.२ कोषमा जम्मा भएका रकमहरु दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको भरणपोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, औषधि, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने, दैवी प्रकोपको कारणबाट घाइते वा विरामी भएको व्यक्तिको औषधि उपचार गर्ने, दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने, दैवी प्रकोपको कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल) गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रय स्थल बनाउने वा पुनर्स्थापना गर्ने, दैवी प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने, दैवी प्रकोप रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र पूर्वसावधानी अपनाउने वा पूर्वतयारी (प्रिपेयर्डनेश) गर्ने कार्यमा खर्च हुने व्यवस्था छ ।

५.२.३ नियमावलीको नियम ५ मा कोषको रकम कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन, कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन, कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न र दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनमा खर्च गर्न नपाइने व्यवस्था गरिएको छ । कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राखिने र कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

५.२.४ जसअनुसार कोषको रकम नियम ४ बमोजिमको प्रयोजनका लागि खर्च गर्ने गरी जिल्लास्तरीय दैवी प्रकोप समिति वा अन्य कुनै निकायलाई उपलब्ध गराउन सक्ने व्यवस्था छ । यसरी कोषको रकम उपलब्ध गराउँदा दैवी प्रकोपको सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्यसमेतलाई दृष्टिगत गरी समितिले उचित ठहराएबमोजिम रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । रकम उपलब्ध गराउँदा समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस समेतलाई आधार बनाउनुपर्नेछ ।

५.३ **प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४:** केन्द्रीय दैवी प्रकोप उद्धार समितिले प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ को व्यवस्था गरेको छ । सो मापदण्डमा भएका प्रमुख व्यवस्था देहाय अनुसार छन्:

५.३.१ **उद्धार तयारी व्यवस्थापनः**

(क) केन्द्रीय दैवी प्रकोप उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकताअनुसार तत्काल राहत पु¥याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामग्री केन्द्रीय, क्षेत्रीय र आवश्यकता अनुसार जिल्लास्तरमा भण्डारको व्यवस्था गर्ने । जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरणलगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा स्रोतसाधनको व्यवस्था गर्ने र यस्ता बस्तीको जोखिम घटाउनेसम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने । प्रकोपको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने ।

(ख) क्षेत्रीय जिल्ला एवं स्थानीयस्तरका प्रकोपका प्रकृतिको पहिचान गरी सोबाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागि दक्ष र तालिम प्राप्त जनशक्ति व्यवस्था एवं क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीले मिलाउने । तालिम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, लत्ताकपडाको भण्डारण व्यवस्था गर्ने ।

(ग) सामाजिक एवं गैरसरकारी संघसंस्थाहरुको सहयोगसमेत लिई प्रकोप व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम केन्द्र, क्षेत्र र जिल्लास्तरमा गर्ने ।

(घ) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्रबाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

(ङ) खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रबन्ध जिल्ला दैवी प्रकोप उद्धार समितिले मिलाउने ।

**५.३.२ आपतकालीन उद्धार तथा राहत वितरणः**

(क) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहतस्वरुप मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने ।

(ख) प्रकोपबाट घर नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिनसमेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि राहत सहयोग उपलब्ध गराउने ।

(ग) प्रकोपको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्नुपर्ने अवस्था भएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तत्काल गृह मन्त्रालयमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

(घ) प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनुपर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने बित्तिकै गृह मन्त्रालयमा पठाउने ।

(ङ) घटनामा परी खाद्यान्न, लत्ताकपडालगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थाका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

(च) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानी गरी दिने र अस्पतालबाट घर जान आर्थिक सहयोगस्वरुप सम्बन्धित व्यक्तिलाई यातायात खर्च समेत दिने ।

(छ) प्रकोपका पीडितहरुलाई पुनः स्थापन तथा पुनः निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम वन मन्त्रालयअन्तर्गतको जिल्लास्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(ज) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरीबतास, चट्याङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

(ञ) राहत तथा उद्धार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार प्रमुख जिल्ला अधिकारीले खर्च गर्न सक्ने ।

**५.३.३ सूचना व्यवस्थापन, अनुगमन र मूल्याङ्कनः**

(क) राष्ट्रिय सम्पर्क केन्द्र (National Focal Point) को वेभसाइट निर्माण गरी प्रकोपसम्बन्धी सूचनाको प्रवाह (Dissemination) गर्ने ।

(ख) केन्द्रमा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्दले र जिल्लामा जिल्ला प्रशासन कार्यालयले प्रकोपको घटनासम्बन्धी केन्द्रीय एवं जिल्लागत तथ्याङ्क अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।

(ग) क्षेत्रीय दैवी प्रकोप उद्धार समितिले आफू मातहतका जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले गरेका प्रकोप व्यवस्थापनसम्बन्धी कामहरुको कम्तीमा वर्षको एक पटक अनुगमन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा प्रतिवेदन पेश गर्ने ।

(घ) केन्द्रीय दैवी प्रकोप उद्धार समितिले पनि क्षेत्रीय एवं जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले प्रकोप व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकताअनुसार सुपरिवेक्षण गर्न टोली खटाई प्रतिवेदन लिने ।

५.४ **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्वन्धी अध्यादेश, २०७२ ले गरेको प्रमुख व्यवस्थाहरु:** २०७२ वैशाखमा गएको भूकम्पबाट क्षतिग्रस्त संरचनाको निर्माणकार्य सम्पन्न गर्न, भूकम्पबाट विस्थापितहरुको पुनर्वास तथा स्थानान्तर गर्न अधिकार सम्पन्न पुनर्निर्माण प्राधिकरणको स्थापना गर्न यो अध्यादेश ल्याएको देखिन्छ ।

५.४.१ प्राधिकरणलाई पुनर्निर्माणसम्बन्धी नीति तथा योजना तयार गर्न परामर्श दिने प्रयोजनको लागि एक पुनर्निर्माण परामर्श राष्ट्रिय समिति रहने व्यवस्था छ । समितिमा प्रधानमन्त्री अध्यक्ष, मन्त्रीहरु, संसदका विपक्षी दलका नेता, पूर्वप्रधानमन्त्रीहरु, संविधानसभाका राजनैतिक दलका प्रमुखहरु, प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु, मुख्य सचिव, राष्ट्र बैंकका गभर्नर, प्रधानमन्त्रीले तोकेका सचिवहरु, स्थानीय निकायहरुका महासंघका अध्यक्षहरु, अन्य लब्धप्रतिष्ठित व्यक्ति वा विज्ञहरु सदस्य रहने व्यवस्था छ ।

५.४.२ भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणको लागि नेपाल सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा पुनर्निर्माण प्राधिकरण गठन गर्ने, सो प्राधिकरणमा प्रधानमन्त्रीले तोकेका ४ मन्त्री, प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिव, इन्जिनियरिङ, कानुन, अर्थशास्त्र, व्यवस्थापन, आर्थिक वा सामाजिक विकास वा पुरातत्व विषयका अनुभवी विज्ञहरुमध्येबाट अध्यक्षले मनोनीत गरेका ३ जना सदस्य रहने व्यवस्था छ । प्राधिकरणको कार्यावधि ५ वर्षको हुने र आवश्यक देखिएमा नेपाल सरकारले अर्को १ वर्ष अवधि थप्न सक्ने प्रावधान छ ।

५.४.३ यस अध्यादेशले प्राधिकरणको काम कर्तव्य, अधिकार, बैठक, अन्य प्रशासनिक जिम्मेवारी र काम कर्तव्य, कर्मचारी व्यवस्था, पुनर्निर्माण कोष, प्राधिकरणको सांगठनिक संरचना आदिसम्बन्धी व्यवस्था पनि गरेको छ । प्राधिकरणको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढांचामा राख्नुपर्ने र महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था उल्लेख गरेको छ ।

# ६ विपद् व्यवस्थापनसम्बन्धी संगठनात्मक जिम्मेवारी एवं समन्वय

६.१ नेपालमा नीति निर्माण गर्ने तहमा व्यवस्थापिका संसद तथा मन्त्रिपरिषद् गरी दुई राष्ट्रिय निकायहरू विद्यमान छन् । यसैगरी उपर्युक्त राष्ट्रिय निकायहरूबाट भएका नीतिहरूलाई कार्यान्वयन गर्न विभिन्न तीन प्रकृतिका निकायहरू कार्यरत देखिन्छ । जसमध्ये नीति तथा योजना तर्जुमा गर्ने कार्यमा सल्लाहकारी भूमिका निर्वाह गर्ने विभिन्न आयोगहरू, नीति निर्माण तथा योजनाहरू कार्यान्वयन गर्ने जिम्मेवारी लिएका क्षेत्रगत मन्त्रालयहरू र नीति तथा योजना कार्यान्वयन गर्ने र उपल्लो निकायलाई नीति निर्माण तथा योजना तर्जुमामा सल्लाह उपलब्ध गराउने विभाग, क्षेत्रीय तथा स्थानीय निकायहरू रहेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकाय तथा अन्तर्राष्ट्रिय संगठनहरू पनि यसमा संलग्न रहँदै आएका छन् । विपद् व्यवस्थापन कार्यमा यी सबै निकायले समन्वयात्मक रुपमा कार्य गर्ने व्यवस्था मिलाएको पाइन्छ ।

६.२ विपद् व्यवस्थापन कार्यमा नीति निर्माण, कार्यान्वयन र समन्वयको काम गर्ने निम्न निकायहरू रहेका छन् । यिनीहरु विपद् व्यवस्थापनमा संलग्न केन्द्रीय निकायहरू हुन् ।

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(ख) राष्ट्रिय योजना आयोग
(ग) जल तथा शक्ति आयोग
(घ) केन्द्रीय दैवी प्रकोप उद्धार समिति
(ङ) गृह मन्त्रालय
(च) सिँचाइ मन्त्रालय
(छ) वन तथा भू-संरक्षण मन्त्रालय
(ज) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
(झ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(ञ) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ट) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(ठ) उद्योग मन्त्रालय
(ड) शिक्षा मन्त्रालय
(ढ) कृषि विकास मन्त्रालय
(ण) ऊर्जा मन्त्रालय
(त) शहरी विकास मन्त्रालय
(थ) क्षेत्रीय दैवी प्रकोप उद्धार समिति

६.३ विपद् व्यवस्थापनमा संलग्न केन्द्रीय निकायहरूलाई सघाउने तथा सल्लाह उपलब्ध गराउने विपद् व्यवस्थापनमा संलग्न विभाग तथा अन्य निकायहरू यसप्रकार रहेका छन् । यिनीहरु सम्बन्धित केन्द्रीय निकाय अन्तर्गत रहेका हुन्छन् ।

(क) जल तथा मौसम विज्ञान विभाग
(ख) जल उत्पन्न प्रकोप नियन्त्रण विभाग
(ग) खानी तथा भू-गर्भ विभाग
(घ) स्वास्थ्य सेवा विभाग
(ङ) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
(च) भू तथा जलाधार संरक्षण विभाग
(छ) शहरी विकास तथा भवन निर्माण विभाग
(ज) जिल्ला दैवी प्रकोप उद्धार समिति
(झ) जिल्ला विकास समिति, नगरपालिका एवं गाउँ विकास समितिहरू

६.४ **राष्ट्रिय गैरसरकारी संस्थाहरू:** नेपालमा विपद् जोखिम व्यवस्थापनका क्षेत्रमा राष्ट्रिय गैरसरकारी संस्थाहरूको भूमिका र क्रियाशीलता रहेको छ । यी संस्थाहरू विशेषतः जोखिम न्यूनीकरण, एवं पूर्व तयारीका साथै प्रतिकार्यमा समेत सक्रिय छन् । साथै यी संस्थाहरू नयाँ नीति, योजना एवं कार्यक्रमको संचालन, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन र जनचेतना अभिवृद्धिमा समेत कार्यरत रहदै आएका छन् । सहभागितामूलक सहकार्यमा यिनीहरूको योगदान रहेको छन् । मानवीय सेवाको उद्देश्यले केन्द्रदेखि गाउँसम्म सञ्जाल (Network) रहेको नेपाल रेडक्रस सोसाइटी केन्द्रीय दैवीप्रकोप उद्धार समितिको सदस्यसमेत रहने व्यवस्था छ।

६.५ संयुक्त राष्ट्रसंघीय निकाय तथा अन्तर्राष्ट्रिय संगठनहरू: नेपालस्थित संयुक्त राष्ट्रससंघीय निकायहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा मानवीय सहयोगको क्षेत्रमा समेत काम गर्दै आएका छन् । संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (United Nations Development Program) ले नीतिगत सुधारमा समेत सहयोग उपलब्ध गराउँदै आएको छ भने संयुक्त राष्ट्रसंघीय मानवीय मामिलाको कार्यालय (United Nations Office for the Coordination of Humanitarian Affairs) सँग आपतकालीन अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको प्राप्तिलाई सरल, सहज र प्रभावकारी बनाउन आपतकालीन समयमा भन्सार प्रक्रिया सहजीकरणसम्बन्धी सम्झौता समेत भएको छ । साथै जोखिम न्यूनीकरणका लागि

संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय रणनीति (UNISDR), Asian Disaster Reduction Center, Asian Disaster Preparedness Center, SAARC Disaster Management Center, जस्ता क्षेत्रीय सहयोग संगठन, अन्तरसरकारी तथा गैरसरकारी संस्थाहरूसमेत नेपालको विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा नेपाल सरकारलाई सहयोग गरिरहेका छन् ।

६.६ गृह मन्त्रालयले विपद् व्यवस्थापनको लागि समन्वय मन्त्रालयको रूपमा कार्य गर्दै आएको छ । केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरका दैवी प्रकोप उद्धार समितिको व्यवस्था गरी प्रभावकारी रूपमा उद्धार तथा राहतजस्ता कार्य गर्ने जिम्मेवारी यही मन्त्रालयमार्फत भैरहेछ । पूर्व तयारी, उद्धार तथा राहत पुनर्स्थापना र पुनर्निर्माण कार्यहरूको सञ्चालन र समन्वय गर्ने कार्यमा प्राविधिक तथा व्यवस्थापकीय अनुभवहरूसमेत हासिल गरेको यस मन्त्रालयले विपद् व्यवस्थापनसम्बन्धी ऐन, नीति, नियमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने लगायतको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनको आयोजना गर्ने काम समेत गर्दछ ।

६.७ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायहरू मार्फत विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विपद्को अवस्थामा स्थानीयस्तरमा तत्काल उद्धार तथा राहत कार्यमा स्थानीय निकायहरू परिचालन गर्छ । विपद् हुन नदिन वातावरण संरक्षणमा जनचेतना एवं जन सहभागितामा वृद्धि गराउने र स्थानीयस्तरमा विकास निर्माण कार्य सञ्चालन गर्दा विपद् न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न स्थानीय निकायहरूलाई प्रोत्साहित गर्ने कार्यसमेत यस मन्त्रालयले गर्दछ ।

## ७ प्रकोप व्यवस्थापन लेखापरीक्षणको उद्देश्य

लेखापरीक्षणको उद्देश्य लेखापरीक्षणका प्रकृतिअनुसार फरक फरक निर्धारण गर्नुपर्दछ । महालेखापरीक्षकद्वारा जारी गरिएका कार्यमूलक लेखापरीक्षण, वित्तीय लेखापरीक्षण मार्गदर्शन तथा निर्देशिकाहरुको आधारमा लेखापरीक्षणको उद्देश्य निर्धारण गरिन्छ । विश्वव्यापी रुपमा प्रचलित सिद्धान्त, मान्यता र अभ्यासहरुअनुसारको लेखापरीक्षण गरी लेखापरीक्षणमा गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धि गर्न नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारितालाई विचार गर्दै निम्न लिखित कुराहरुको सुनिश्चित गर्नु प्रकोप व्यवस्थापन लेखापरीक्षणको प्रमुख उद्देश्यहरु हुन्:

(क) ऐन, नियम, निर्देशिका, नेपाल सरकारको निर्णय नीति, कार्य योजना र कार्यक्रमअनुसार प्रकोप सम्बन्धी पूर्वतयारी तथा रोकथाम, प्रकोप पश्चात्का उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको कार्य सञ्चालन तथा सम्पन्न गरेको,

(ख) प्रकोप वा विपद्सम्बन्धी आर्थिक कारोबारहरु र त्यससम्बन्धी हिसाव किताव एवं अभिलेख, प्रतिवेदन, नेपाल सरकारको लेखा नीति, प्रचलन तथा विद्यमान कानुनअनुसार सञ्चालन गरेको,

(ग) विपद्को जोखिम न्यून गर्ने अवधारणालाई विकास योजनाहरुमा समेटेको,

(घ) विपद् जोखिम न्यूनिकरणको लागि दिगो विकास रणनीति तथा योजना तर्जुमा गरेको,

(ङ) विपद्को समयमा जीउधनको रक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति हुन सक्ने व्यवस्था मिलाएको,

(च) वास्तविक पीडितको पहिचान गरी एकीकृत प्रणाली अवलम्बन गरेर राहत तथा सुविधा वितरण गरेको,

(छ) विपद् व्यवस्थापन कार्यमा संलग्न हुने निकाय तथा संयन्त्रको भूमिका निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन एवं समन्वय गरेको,

(ज) स्थानीयस्तरमा पीडितहरुको आवश्यकता पहिचान गरेको,

(झ) प्रकोपबाट समुत्थान (Resilience) गर्नको लागि संस्था, संयन्त्र तथा क्षमताको विकास भएको,

(ञ) लक्षित समूहहरुबीच जनचेतना कार्यक्रम सञ्चालन गरेको र आवश्यक सूचना पुगेको ।

प्रकोप वा विपद् व्यवस्थापनसम्बन्धी कार्य सक्षम, सुदृढ र प्रभावकारी बनाई विकास प्रक्रिया दिगो, वातावरणमैत्री र उच्च प्रतिफलयुक्त बनाउने तथा प्राकृतिक एवं मानवीय कारणबाट सिर्जना हुने प्रकोपका जोखिमहरूबाट जनधनको सुरक्षा गर्ने उद्देश्यले प्रकोप वा विपद् व्यवस्थापनका लागि आर्थिक तथा अन्य क्रियाकलापहरु सञ्चालन भएको सुनिश्चितता प्रदान गर्न लेखापरीक्षण कार्य प्रयत्नशील रहन्छ ।

## ८ लेखापरीक्षणका प्रकार

महालेखापरीक्षकको कार्यालयले प्रकोप सम्बन्धी आर्थिक कारोबारको वित्तीय, कार्यमूलक र परिपालना लेखापरीक्षण गर्दछ । यसरी लेखापरीक्षण गर्दा महालेखापरीक्षकले आफ्नो अधिकार क्षेत्रभित्र रहेर नेपालको कानुन र सान्दर्भिक लेखापरीक्षण मानहरुको पालना गर्दछ । महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारको बजेटमा समावेश भएका प्राकृतिक प्रकोपसम्बन्धी सहायताको लेखापरीक्षण गर्नुको साथै सहायता रकमको लेखापरीक्षण गराउने कानुनी प्रावधान नभएको वा कुनै प्रकारका यस्ता सहायताहरुको लेखापरीक्षण महालेखापरीक्षकको क्षेत्राधिकार भन्दा बाहिर रहेकोमा नेपाल सरकारलाई आवश्यक कानुनी व्यवस्था गर्नको लागि सुझाव दिन सक्नेछ ।

प्रकोपसम्बन्धी आर्थिक कारोबारको लेखापरीक्षणमा वित्तीय, कार्यमूलक र परिपालना लेखापरीक्षण सम्बन्धी विषयवस्तुहरु पर्दछन् । वित्तीय लेखापरीक्षणले प्रतिवेदन र लेखालाई ध्यान दिन्छ । परिपालना लेखापरीक्षण सम्बन्धित कानुन, नीति वा सम्झौताका प्रावधान कार्यान्वयनसँग सम्बन्धित हुन्छ । कार्यमूलक लेखापरीक्षणले सरकारी निकाय, प्रणाली, कार्यक्रम वा गतिविधिको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षलाई सम्बोधन गर्दछ । यी प्रत्येक किसिमका लेखापरीक्षणहरु महालेखापरीक्षकद्वारा जारी गरिएका तथा तोकिएका वित्तीय तथा कार्यमूलकसम्बन्धी लेखापरीक्षण मान तथा निर्देशनअनुसार गर्नुपर्दछ । वर्तमान अवस्थामा कार्यालयले वित्तीय र परिपालना लेखापरीक्षणलाई सँगसँगै सम्पादन गर्ने नीति लिएकोले प्रकोप व्यवस्थापनको सन्दर्भमा समेत सोहीअनुसार गरिनेछ ।

### ८.१ वित्तीय लेखापरीक्षण

वित्तीय विवरणका प्रयोगकर्ताहरुको आश्वस्तताको स्तर बढाउनु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यसअन्तर्गत वित्तीय प्रतिवेदनहरु सारभूत रुपमा वित्तीय प्रतिवेदन खाकाअनुरुप तयार गरेको छ छैन भन्ने मन्तव्य लेखापरीक्षकले अभिव्यक्त गर्दछ । लेखापरीक्षणको क्षेत्र महालेखापरीक्षकको संस्थागत क्षमता र कानुनको आधारमा निर्धारण गरिन्छ ।

८.१.१ प्राकृतिक प्रकोपसम्बन्धी आर्थिक कारोबारको वित्तीय लेखापरीक्षण गर्दा सहायताको प्रकृति विशेषलाई ध्यान दिनुपर्दछ । यसमा अन्य कुराको अतिरिक्त निम्न लिखित कुराहरुलाई लेखापरीक्षणले ध्यान दिनुपर्दछ ।

- सान्दर्भिक लेखामानका प्रावधानहरु,
- प्राकृतिक प्रकोप पश्चातका उद्दार, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यमा पर्याप्त आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था र कार्यान्वयन,
- प्राकृतिक प्रकोपको इमरजेन्सीको अवस्थामा हुने जालसाजी र भ्रष्टाचारको बढ्दो जोखिम,
- सहायता रकमको बजेट र त्यसको लेखाको भिडान,
- एउटै किसिमको क्रियाकलापहरु कार्यान्वयन गर्ने इकाईबीच समन्वय नहुने सम्भावित अवस्था
- दाताहरुले अभिलेख गरेको आयोजना खर्चसंग जम्मा सहायता अंकको तुलना

८.१.२ लेखापरीक्षकले लेखापरीक्षण कार्य शुरु वा सूचना सङ्कलन गर्नको लागि प्रकोप भएको क्षेत्रको भ्रमण गर्न सक्नेछ ।

## ८.२ कार्यमूलक लेखापरीक्षण

८.२.१ सरकारी निकाय, कार्यक्रम, प्रणाली वा संगठनहरुले मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गरेको छ छैन भन्ने सन्दर्भमा स्वतन्त्र, वस्तुपरक र भरपर्दो परीक्षण गरी सुधारका क्षेत्रहरुको बारेमा सुझाव दिने कार्य कार्यमूलक लेखापरीक्षणले गर्दछ । प्रकोपसम्बन्धी कार्यमूलक लेखापरीक्षण गर्दा निम्न कुराको जाँच गरिन्छ ।

- वित्तीय र वस्तुगत सहायताको उपयोग मितव्ययीपूर्वक प्रशासकीय मूल्य मान्यता र व्यवस्थापकीय नीतिअनुसार भए नभएको,
- मानवीय, वित्तीय र अन्य स्रोतहरु अधिकतम प्रतिफल प्राप्त हुने गरी दक्षतापूर्वक उपयोग गरिएको छ छैन,
- सूचना प्रणाली, कार्यसम्पादन मापन र अनुगमन व्यवस्थाले त्रुटिको निराकरण गर्छ गर्दैन,
- जिम्मेवार व्यक्तिले खर्च/सहायताको उपयोग निर्धारित उद्देश्यमा प्रभावकारीपूर्वक गरेको छ छैन ।

८.२.२ वास्तविक उपलब्धिलाई लक्षित उपलब्धिसँग तुलना गरेर लेखापरीक्षकले प्रभावकारिताको मापन गर्नसक्छ ।

८.२.३ कार्यमूलक लेखापरीक्षण गर्दा लेखापरीक्षकले ध्यान केन्द्रित गर्न सक्ने केही पक्षहरु निम्न लिखित छन्:

- **लक्ष्य प्राप्ति** – पीडित व्यक्तिहरुले सहयोग पाए ?
- **प्रक्रिया** – प्रक्रियाको पूर्व निर्धारण गरिएको र प्रकोपपछि त्यसको पालना गरिएको थियो ?
- **लागत र लाभ** – सम्भव भएसम्म न्युनतम लागतमा प्रकोपसम्बन्धी खर्च/सहायताको उद्देश्य पूरा गरियो ?
- **गुणस्तर** – खाद्य तथा बसोबासको लागि प्राप्त सहायताको गुणस्तर कस्तो थियो ?

८.२.४ कार्यमूलक लेखापरीक्षण गर्दा महालेखापरीक्षकको कार्यालयले भविष्यमा हुन सक्ने प्रकोपको लागि समेत उपयुक्त सुझाव दिनेतर्फ ध्यान दिनेछ । जस्तो– भविष्यमा हुन सक्ने प्रकोपको असर कम हुने पूर्वाधार निर्माण, जालसांझ र भ्रष्टाचारबाट जोगाउने वा नियन्त्रण गर्ने रणनीति तर्जुमा र क्रियाकलाप तथा मानव संसाधन र संगठनात्मक क्षमता विकाससंग सम्बन्धित सुझावहरु दिन सकिनेछ ।

## ८.३ प्रकोपसम्बन्धी परिपालना लेखापरीक्षण:

८.३.१ लेखापरीक्षण गरिने निकायले पालना गर्नुपर्ने आधार (Criteria) हरुको परिपालना सम्बन्धमा लेखापरीक्षण गरी प्रतिवेदन दिनु परिपालनाको लेखापरीक्षण हो । छुतै लेखापरीक्षण कार्यको रुपमा परिपालना लेखापरीक्षण गर्न सकिन्छ । यसलाई कार्यमूलक लेखापरीक्षण र वित्तीय विवरणको लेखापरीक्षणसंग आबद्ध गरेर पनि गर्न सकिन्छ । महालेखापरीक्षकको कार्यालयले वित्तीय लेखापरीक्षणसंग आबद्ध गरेर परिपालनाको लेखापरीक्षण गर्ने नीति लिएको छ ।

८.३.२ परिपालना लेखापरीक्षणअन्तर्गत निम्न लिखित दुई प्रमुख अवधारणालाई समेटिन्छ ।

**नियमितता** – लेखापरीक्षण गरिने निकायको क्रियाकलाप, कारोबारहरु सम्बन्धित कानुन, सम्झौता र बजेट सीमाअनुसार सम्पादन गर्नुपर्ने र त्यसको लागि आवश्यक स्वीकृति प्राप्त भएको हुनुपर्ने ।

**औचित्यता** – सार्वजनिक वित्तीय व्यवस्थापनका मूल्य मान्यता र सार्वजनिक क्षेत्रका कर्मचारीको व्यवहारसँग सम्बन्धित सामान्य सिद्धान्तहरु पालना गरेको हुनुपर्ने । काम कारबाही विवेकशील व्यक्तिको हेराइमा उपयुक्त देखिनुपर्ने ।

८.३.३ प्रकोपसम्बन्धी सहायताको लेखापरीक्षणमा लेखापरीक्षकले उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका क्रियाकलापसँग सम्बन्धित कानुन, निर्देशिका, निर्णय र अन्तर्राष्ट्रिय सम्झौताको परिपालना जाँच गर्न सक्दछ । मानवीयता, तटस्थता, निष्पक्षता र सञ्चालन स्वतन्त्रता जस्ता सिद्धान्तहरु सम्बन्धमा सयुक्त राष्ट्रसंघको निर्णय नेपाल सरकारले पालना गर्नुपर्दछ । प्रकोपसम्बन्धी खर्चरसहायताको उपयोगमा यी सिद्धान्तको परिपालना हुन नसकेको अवस्थामा महालेखापरीक्षकले प्रतिवेदन गर्न सक्नेछ ।

८.३.४ प्रकोपको कारण सृजित आकस्मिक अवस्थामा अवलम्बन हुने कार्यविधिसँग लेखापरीक्षक सचेत बन्नुपर्दछ । आकस्मिक अवस्थामा सबै कानुन र नियमहरुको पालना सम्भव नहुन सक्छ । यसैले मानवीय पीडा हटाउने र जीवन बचाउने कार्यलाई प्राथमिकता दिनको लागि यस्ता अपवादको अवस्थामा केही नियम कानुनको पालना हुन नसक्ने कुरालाई लेखापरीक्षकले मनन गर्नुपर्दछ । नियम कानुनको प्रावधानबाट विचलन हुनुलाई लेखापरीक्षकले मनासिब हो भन्ने ठान्दछ भने त्यसको बारेमा लेखापरीक्षकले स्पष्ट अभिलेखीकरण गर्नुपर्दछ ।

## ९ लेखापरीक्षणको क्षेत्र

प्रकोप लेखापरीक्षणले निम्न लिखित प्रकोप पूर्व र प्रकोप पछिका कृयाकलापहरुलाई समेट्दछ ।

(क) प्रकोप पूर्वका कृयाकलाप:

- **रोकथाम** – जोखिम मूल्याङ्कन, क्षतिको चित्रण, असर अनुमान, रोकथामको निरन्तरता,
- **तयारी** – कन्टिन्जेन्सी योजना, पूर्वसचेतना, शिक्षा, आगामी प्रकोपको लागि एकीकृत तयारी, तयारीको निरन्तरता,

(ख) प्रकोपपछिका क्रियाकलाप:

- **उद्धार, राहत** – घाइते, मृतक र सम्पत्तिको उद्धार, प्राथमिक उपचारको प्रबन्ध, सामग्री व्यवस्था जस्ता छोटो अवधिका कार्यहरु,
- **पुनर्स्थापना** – अत्यावश्यक सेवा र कार्यहरुको बन्दोबस्तीसम्बन्धी केही हप्तादेखि केही महिनासम्मका कार्यहरु,
- **पुनर्निर्माण** – सेवा सुविधाको पूर्ण सुव्यवस्था तथा भावी विपद्को रोकथामका उपायहरु,

प्रकोप पूर्व चरणका क्रियाकलापहरु तयारीसँग सम्बन्धित भएकाले महालेखापरीक्षकको कार्यालयले जुनसुकै समयमा लेखापरीक्षण गर्न सक्दछ । तर प्रकोप पश्चात् चरणका क्रियाकलापहरुको लेखापरीक्षण प्रकोपका घटना घटित भए पश्चात् मात्र गर्नुपर्दछ । कार्यालयले लेखापरीक्षण गर्दा वित्तीय र अनुपालना परीक्षणको हकमा प्रत्येक वर्ष र कार्यमूलक लेखापरीक्षणको हकमा निश्चित अवधिलाई समेटेर लेखापरीक्षण गर्दछ ।

**प्रकोपको लेखापरीक्षणअर्न्तगत विभिन्न चरणका क्रियाकलापमध्ये देहायका विषयलाई समेट्नु उपयुक्त हुन्छ ।**

९.१ **क्षति गणना एवं आवश्यकता मूल्याङ्कन** – प्रकोप घटेपछि त्यसबाट भएको नोक्सानीको तथ्याक सङ्कलन र पीडितलाई तत्काल राहत एवं पूर्ववत् स्थितिमा ल्याउन आवश्यक वस्तु तथा सेवासम्बन्धी आवश्यकता मूल्याङ्कन गरिन्छ । कार्यान्वयन गर्ने निकायले क्षति गणना र आवश्यकता मूल्याङ्कनमा आधारित भएर नै राहत, पुनर्स्थापन तथा पुन: निर्माणका गतिविधिहरु सञ्चालन गर्दछन् । तसर्थ उक्त क्रियाकलाप प्रचलित कानुन, मापदण्ड र निर्देशिकाको अधीनमा रही सही एवं उपयुक्त तवरले गरे नगरेको परीक्षण गर्नु लेखापरीक्षण क्षेत्रभित्र पर्दछ ।

९.२ **स्रोत परिचालन –** क्षति र आवश्यकता मूल्याङ्कन पश्चात् स्रोतसाधनको अनुमान गरेर प्रकोप पश्चात् आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment) प्रतिवेदन तयार गरिन्छ । आवश्यक पर्ने रकम राष्ट्रिय, अन्तर्राष्ट्रिय, व्यक्तिगत, संस्थागत एवं सार्वजनिक स्रोतबाट जुटाउन सकिन्छ । स्रोतको छनौट गर्दा राष्ट्रिय हितलाई प्रवर्द्धन एवं अनावश्यक शर्तलाई निरुत्साहित गर्नुपर्दछ । नगद, वस्तुगत र सेवामध्ये कुन स्रोत स्वीकार्ने निर्णय सरकारले गर्दछ । स्रोत छनौट गर्दा सहायताको अधिकतम हिस्सा पीडितसम्म पुर्‍याउने विषयलाई जोड दिनुपर्दछ । स्रोत सम्बन्धमा छनौटको निर्णय गरे पश्चात् दातृसंस्था, राष्ट्र वा सहयोग प्रदान गर्नेसँग सम्झौता गर्ने एवं प्रतिवद्धता अनुरुपको रकम प्राप्ति एवं उपयोग गर्ने कार्य हुन्छ । यस प्रक्रियामा समेत जोखिम निहित हुने हुँदा लेखापरीक्षणको क्षेत्रमा समावेश गर्नुपर्दछ ।

९.३ **खरिद –** सहयोग प्राप्त रकम राहत, पुनर्स्थापना एवं पुनर्निर्माणका लागि वस्तु तथा सेवा खरिद गर्न उपयोग गरिन्छ । समयमा पर्याप्त गुणस्तरयुक्त वस्तु तथा सेवा खरिद गर्न ऐन नियम कानुनले निर्धारण गरेका प्रक्रिया अवलम्बन गर्नुपर्दछ । आपतकालीन अवस्थामा ऐन नियम पालना गर्न नसक्ने भएमा अधिकार प्राप्त निकायबाट निर्णय गराई उपयुक्त व्यवस्था मिलाइन्छ । छोटो समयमा ठूलो रकम यस प्रयोजनमा खर्च हुने भएकाले जोखिम अधिक रहन्छ । तसर्थ सबै प्रकारका खरिदलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गर्नुपर्दछ ।

९.४ **भण्डारण –** वस्तुगत सहायतामा उपलब्ध गराइएका वा खरिद गरिएका मालवस्तुहरुको नोक्सान नहुने गरी उपयुक्त भण्डारण व्यवस्था मिलाइनुपर्दछ । भण्डारण सुरक्षित नहुँदा तथा सोको उपयुक्त अभिलेख नहुँदा मालवस्तुको दुरुपयोग एवं नोक्सानी हुने तथ्यलाई मध्यनजर राख्दै लेखापरीक्षणको विषयमा समावेश हुने व्यवस्था मिलाउनुपर्दछ ।

९.५ **वितरण –** राहत सामग्री एवं नगद वितरण प्रकोप व्यवस्थापनको महत्वपूर्ण क्रियाकलाप हो । समयमा नै वास्तविक पीडितले ढुवानीको क्रममा नगद एवं राहत सामग्री प्राप्त गर्नुपर्दछ । वितरण गर्दा प्रभावित क्षेत्रमा वितरण विन्दु खडा गरी ढुवानीको क्रममा नोक्सानी नहुने व्यवस्था मिलाउने र वितरण गरी भरपाईसमेत सङ्कलन गर्नुपर्ने हुन्छ । लेखापरीक्षणको क्रममा वितरण व्यवस्थालाई प्रमुख रुपले ध्यान दिई परीक्षण गर्नु आवश्यक हुन्छ ।

९.६ **आपतकालीन उद्धार तथा राहत –** प्रकोप घटिसके पश्चात् तत्काल मृतक एवं जीवित व्यक्तिको खोज उद्धार, सुरक्षित स्थलमा बसोवास प्रबन्ध, अत्यावश्यकीय सेवा आपूर्ति, महामारी फैलिन नदिने स्वास्थ्य उपचारलगायतका क्रियाकलाप समन्वयात्मक ढङ्गले सञ्चालन गर्नुपर्दछ । यस्ता गतिविधिमा ढिलाई भएमा प्रकोप व्यवस्थापन समुचित ढङ्गले हुन सक्दैन । तसर्थ लेखापरीक्षणको क्षेत्रमा यी विषय पनि पर्दछन् ।

९.७ **संरचना मर्मत सम्भार पुन निर्माण –** प्रकोप व्यवस्थापनको महत्वपूर्ण काम बिग्रे भत्केका संरचनाको मर्मत सम्भार, अस्थायी निर्माण, पुनर्निर्माण र नवनिर्माण गर्नु हो । यो सबैभन्दा बढी लागत लाग्ने क्षेत्र हो । सो कार्य वातावरणमैत्री एवं दिगो हुनुपर्दछ । संरचना मर्मत सम्भार एवं पुन: निर्माणको कार्य दुई प्रकारका हुन्छन् । जस्तै: (क) व्यक्तिगत एवं सार्वजनिक सम्पत्ति निर्माण सुधार (ख) भौतिक पूर्वाधार मर्मत, सुधार, निर्माण ।

९.८ **प्रतिवेदन –** प्रकोप सहायता नगद तथा जिन्सीको प्राप्ति र अभिलेखनको सूचना आदान प्रदान गरिनुपर्दछ । सही सूचनाको प्रवाह दाता तथा सरोकारवालाको विश्वास जित्न र पारदर्शिताका लागि आवश्यक भएकाले त्यसतर्फ लेखापरीक्षकले ध्यान दिनुपर्दछ ।

९.९ **संगठनात्मक व्यवस्था –** प्रकोप व्यवस्थापनअन्तर्गतका क्रियाकलाप सञ्चालन, समन्वय, अनुगमन, स्रोत व्यवस्थापन, अभिलेखन र प्रतिवेदन प्रयोजनका लागि निकाय वा समिति गठन कर्मचारी व्यवस्था एवं जिम्मेवारीको बाँडफाँड गरिन्छ । तोकिएका निकाय एवं पदाधिकारीहरुको अधिकार काम कर्तव्यको व्यवस्था र सोको परिपालनालाई लेखापरीक्षणको क्षेत्रमा समेटनुपर्दछ ।

## १० लेखापरीक्षणको पद्धति

महालेखापरीक्षकले जारी गरेको वित्तीय र कार्यमूलक लेखापरीक्षणसँग सम्बन्धित मार्गदर्शन तथा निर्देशिकाहरु, महालेखापरीक्षकको काम कर्तव्य र अधिकारसंग सम्बन्धित संवैधानिक व्यवस्था, लेखापरीक्षण ऐनमा भएको व्यवस्था र अन्य कानुनी प्रावधान समेतको आधारमा लेखापरीक्षण गरिन्छ । यसरी लेखापरीक्षण गर्दा प्राकृतिक प्रकोप सम्बन्धी पूर्वतयारी, सहायता परिचालन, उद्धार कार्य, राहत तथा पुनर्स्थापना र पुन: निर्माणमा रहेका जोखिम मूल्याङ्कन गरी समग्र अवस्थाको नियन्त्रण जाँच र आवश्यकताअनुसार सारभूत जाँचको पद्धति अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । यससम्बन्धी विस्तृत व्यहोरा तलको अनुसूची (ग) प्रकोपपूर्वका क्रियाकलापसम्बन्धी परीक्षण, (घ) आपतकालीन व्यवस्थापनसम्बन्धी परीक्षण र (ङ) राहत र पुनर्निर्माणसम्बन्धी परीक्षणमा दिइएको छ । ती अनुसूचीमा उल्लिखित चेकलिष्टहरु मार्गदर्शनका लागि नमुना मात्र हुन् । लेखापरीक्षकले लेखापरीक्षणको किसिमअनुसार तत्काल प्रचलित कानुनलाई मध्यनजर राख्दै परिमार्जन गरी प्रयोगमा ल्याउनुपर्दछ ।

## ११ जोखिम मूल्याङ्कन

प्रकोप व्यवस्थापनको लेखापरीक्षणमा समेत अन्य लेखापरीक्षणमा जस्तै सबै विषय क्रियाकलापलाई समेटन सम्भव हुदैन । प्रकोपको फैलावट र असरअनुसार ठूलो धनराशि एवं सहायताको उपयोग हुने भएकाले सीमित स्रोतसाधनबाट लेखापरीक्षण गर्ने क्रममा जोखिम क्षेत्र पहिल्याउनुपर्दछ । लेखापरीक्षकले प्रकोप व्यवस्थापनअन्तर्गतका क्रियाकलापमा अन्तरनिहित जोखिमहरु पहिचान गर्नुपर्दछ । ती जोखिमको निराकरणको लागि राज्यले निर्धारण गरेको नियन्त्रण वातावरणको मूल्याङ्कनसमेत लेखापरीक्षणले गर्नुपर्दछ । नियन्त्रण वातावरणको मूल्याङ्कनका लागि अनुसूची (क) बमोजिमको फाराम प्रयोग गर्न सकिन्छ । नियन्त्रण वातावरण जोखिम पिच्छे बेग्लाबेग्लै वा समग्ररुपमा गर्न सकिन्छ । जोखिम पहिचान र नियन्त्रण वातावरण मूल्याङ्कन पश्चात् उच्च जोखिम तर कमजोर नियन्त्रण वातावरण भएका विषयहरुलाई लेखापरीक्षण केन्द्रित गर्ने विषयको रुपमा छनौट गरी लेखापरीक्षण कार्यक्रम तय गर्नुपर्दछ । कार्यमूलक लेखापरीक्षणको क्रममा लेखापरीक्षण योजना प्रारुप प्रयोग गर्नुपर्दछ । जसलाई अनुसूची (ख) र (ख१) मा दिइएको छ । प्रकोप व्यवस्थापनका विभिन्न चरणसँग सम्बन्धित जोखिमहरु देहायमा उल्लेख गरिएको छ । जसलाई लेखापरीक्षणको क्रममा ध्यान दिनुपर्दछ ।

११.१ **ढिलाई –** प्रकोप घटी सके पश्चात् पहिलो प्राथमिकता मानवीय जीवन रक्षा र पीडितलाई अति आवश्यकीय वस्तु तथा सेवा आपूर्ति गर्नुपर्ने हुन्छ । उद्धार र राहतको काममा ढिलाई गर्ने तथा समयमा प्रभावित क्षेत्रमा नपुग्ने जोखिम रहेको हुन्छ । जिम्मेवार पदाधिकारी तथा निकायबीच जिम्मेवारी र जवाफदेहिताको स्पष्टता नहुँदा परिचालनमा ढिलाइ हुने सम्भावना रहन्छ ।

११.२ **अवास्तविक प्राप्तिकर्ता (Unintended Recipient) –** अवास्तविक प्राप्तिकर्ता भन्नाले त्यस्तो व्यक्तिलाई जनाउँदछ जो पीडित होइन र यथार्थमा राहत प्राप्त गर्ने अधिकार राख्दैन । क्षति एवं अवश्यकता मूल्याङ्कन सही ढङ्गबाट नभएको अवस्थामा यस्ता झुठ्ठा पीडितहरु खडा भई राहत तथा सहायता रकमको दुरुपयोग हुने अवस्था रहन्छ । क्षति मूल्याङ्कनको क्रममा नोक्सानी, घाइते र मृतकको सम्बन्धमा बढाई चढाई सूचनाहरु दिने, राहत तथा पुनर्निर्माण खर्च परिवारमा आधारित हुने अवस्थामा परिवार संख्या वढाउने, छुट्टी भिन्न बसेको देखाउने, यथार्थभन्दा बढी सहयोग आवश्यक पर्ने गरी आवश्यकता मूल्याङ्कन गर्ने, राहत वितरण गर्ने प्रयोजनको लागि आवश्यक कागजातहरु प्रकोप भैसके पश्चात् सिर्जना गर्ने, जस्तै: पहिल्लै भत्केको घरलाई प्राकृतिक प्रकोपबाट भत्केको देखाउनेलगायतका जोखिम हुन्छन् । जनसंख्याको सूचनाहरु पर्याप्त नहुँदा र क्षति एवं आवश्यकता मूल्याङ्कन सही ढङ्गबाट नगरिँदा उपयुक्त स्थिति सिर्जना हुन्छ ।

११.३ **सामग्री उपयोग नभएको –** अनुपयुक्त आवश्यकता मूल्याङ्कन गरिएको कारण अनुपयुक्त मालवस्तु वा आवश्यकभन्दा बढी मालवस्तु वा नगद प्राप्त भई उपयोगविहीन अवस्थामा रहने जोखिम हुन्छ । जस्तैः सांस्कृतिक मूल्य मान्यता विपरीतका मालवस्तुहरु प्राप्त हुने, शाकाहारीलाई मांसहारी खाना, अपरिचित खाद्यवस्तु, तयारी विधि जानकारी नभएका खाद्यवस्तु प्राप्त भई पीडितबाट उपयोग नगर्ने अवस्था रहन्छ । कुनै अवस्थामा यथार्थमा आवश्यक पर्ने भन्दा बढी मालवस्तु प्राप्त भई मौज्दातमा रहने र नोक्सान हुने वा दुरुपयोग हुने स्थितिसमेत आउन सक्दछ ।

११.४ **सहयोगको अभिलेखन नहुने –** राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति संघ, संस्थाबाट प्राप्त भएको नगद र वस्तुगत सहायता अभिलेखन एवं प्रतिवेदन नहुने प्रमुख जोखिम रहेको हुन्छ । अभिलेखन र प्रतिवेदन नहुनुमा दातृ संस्था राष्ट्रको अनिच्छा तथा कार्यान्वयन निकायबीच समन्वयको अभाव मुख्य कारण रहेको पाइन्छ । यसप्रकारका जोखिमहरु दुई किसिमका हुन्छन् । पहिलो, सहयोग प्राप्त भै पीडितहरुलाई वितरण गरिएको हुन्छ तर त्यसको अभिलेख नराखेको वा राख्न छुटेको हुनसक्दछ । यो पारदर्शितासँग सम्बन्धित विषय हो । दोस्रो, सहयोग रकम र सामग्री प्राप्त भएको तर वितरण नगरिएको वा व्यक्तिगत प्रयोजनमा उपयोग भएको हुनसक्छ । यो भ्रष्टाचारजन्य विषय हो ।

११.५ **सामग्री नोक्सान –** मालवस्तु खरिद वा वस्तुगत सहायतामा प्राप्त गरिएको मालसामान उपयुक्त भण्डारण व्यवस्थापन गर्न आवश्यक जनशक्तिको अभावले नोक्सान भएको वा काम नलाग्ने भएको वा न्यूनस्तरको भएको अवस्था हुनसक्दछ । जसबाट स्रोतसाधनको अपव्यय एवं नोक्सानी हुने जोखिम रहन्छ ।

११.६ **सहायता वितरण –** नगद तथा वस्तुगत सहायता वितरण गर्दा कुनै व्यक्ति, समुह, क्षेत्रलाई पक्षपातपूर्ण ढङ्गले वितरण गर्ने जोखिम रहेको हुन्छ । यसबाट वितरणमा असमानता भई लक्षित वर्ग एवं पीडितहरुले सहायता प्राप्त नगर्ने अवस्था रहन्छ । शहरी क्षेत्र वा सडकको पहुँच भएको क्षेत्रमा राहत वितरण केन्द्रित, वितरणमा स्वतन्त्र अनुगमनको अभाव, आवश्यक नभएको क्षेत्रमा वस्तु तथा सेवाप्रवाहित हुनु, उच्चवर्ग, राजनीतिक दल, स्थानीय वासिन्दाको समूहबाट निर्देशिका विपरीत सहायता वितरण गर्न दबाब, पीडितहरुलाई आफूले प्राप्त गर्ने राहत सम्बन्धमा जानकारीको अभाव, सहायता प्राप्तिको भरपाईको अभाव, वस्तुगत सहायता गैरपीडितलाई उपलब्ध गराउने वा बिक्री गर्ने जस्ता हिनामिना हानि नोक्सानीका संकेतउपर लेखापरीक्षकले ध्यान दिनुपर्दछ ।

११.७ **दोहोरो सहायता –** प्रकोप आइपरेको अवस्थामा राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्ति संस्थाबाट नगद एवं वस्तुगत सहायता व्यापक रुपमा प्रवाह हुन्छ । एउटै क्षेत्रमा विभिन्न व्यक्ति तथा संस्थामार्फत नगद एवं वस्तुगत सहायता प्राप्त भई वितरण हुँदा स्रोतसाधनको दुरुपयोग हुने तथा पारदर्शिता नहुने भएकाले उक्त जोखिमउपर लेखापरीक्षकको ध्यान जानु अवाश्यक देखिन्छ ।

११.८ **स्वामित्व तथा खर्च बाँडफाँड –** पुर्नस्थापनाको क्रममा निर्माण भएको सम्पत्तिको स्वामित्व एवं क्षति भएका निजी संरचनाहरु सफाई तथा मर्मत गर्दा लाग्ने खर्चको बाँडफाँड सम्बन्धमा स्पष्ट नीति तय हुनुपर्दछ । नीतिगत स्पष्टताको अभावमा सरकारको तर्फबाट बढी खर्च व्यहोरिने र सम्पत्तिको स्वामित्व सम्बन्धमा विवाद हुने जोखिम रहन्छ ।

११.९ **खरिद –** खरिद सम्बन्धि ऐन नियमको परिपालना गरेर मितव्ययी तवरले खरिद गर्नुपर्दछ । तर आपतकालीन अवस्थामा कानुन पालना र मितव्ययिताको आडमा मानवीय जोखिमको स्थिति सिर्जना हुनुहुँदैन । आपतकालीन अवस्थामा अधिकार प्राप्त अधिकारीको निर्णयले छुट्टै प्रक्रिया अवलम्बन गर्न सकिने भए पनि लामो समयसम्म त्यस्तो प्रक्रिया अवलम्बन गर्नुलाई औचित्यपूर्ण मानिदैन । तसर्थ खरिद कार्यविधिको परिपालना र मितव्ययिता लेखापरीक्षणको प्रमुख जोखिम क्षेत्र हो । खरिद अन्तर्गत ठेक्काको प्याकेजिङ्ग, टुक्रे लागत अनुमान, अपर्याप्त प्रतिस्पर्धा, कम गुणस्तरीय वस्तु तथा सेवा आपूर्ति वा निर्माण, छोटो म्याद रहेको वा म्याद समाप्त भैसकेको मालवस्तु आपूर्ति, धेरै साँगुरो एवं धेरै व्यापक स्पेसिफिकेशन तयारी, कुनै निश्चित

बिक्रेतालाई फाइदा हुने गरी स्पेसिफिकेशन निर्धारण, आपतकालीन अवस्थामा बोलपत्रदातालाई पर्याप्त जानकारीको अभाव, एउटै फर्मलाई धेरै ठेक्का प्रदान, सीधै खरिद, वार्ताबाट खरिद, अस्वाभाविक उच्च दर वा र न्यून दरमा खरिद, बारम्बार सम्झौता परिवर्तन, सारभूत घटीवालालाई ठेक्का प्रदान नगर्ने, एउटै गुणस्तरको मालवस्तु फरक फरक दरमा खरिद गर्नेलगायतका जोखिम रहेका छन् ।

११.१० **सहयोगको उपयोग** – दातृराष्ट्र तथा संस्थाहरुले प्रदान गरेको अनुदान, सहयोगको ठूलो अंश विदेशी जनशक्तिहरुले नै उपयोग गर्ने, बढी प्रशासनिक तथा सञ्चालन खर्चलगायतका ओभरहेड खर्च व्यहोरेको कारण पीडितहरुलाई न्यून रकम मात्र पुगेको अवस्था हुनसक्छ । दाताको अनावश्यक शर्तहरु स्वीकार गरेर सहयोग लिनु राज्यका लागि उपयुक्त मानिदैन ।

११.११ **अदक्षता** – क्रियाकलाप सञ्चालनमा दक्षता ल्याउन कमभन्दा कम स्रोतसाधनको प्रयोगबाट बढी भन्दा बढी उपलब्धि प्राप्त गर्नुपर्ने र दोहोरोपना हटाउने एवं नोक्सानी घटाउने प्रयास गर्नुपर्दछ । काम कारबाहीमा अदक्षता रहनु विपद् व्यवस्थापनको प्रमुख जोखिम हो ।

११.१२ **अप्रभावकारिता** – पीडितहरुको आवश्यकता पूरा भएको अवस्थामा कार्यक्रम प्रभावकारी मानिन्छ । निर्माण गरिएको संरचना स्थानीय परिस्थिति सुहाउँदो, पीडितको चाहनाबमोजिमको र वातावरण मैत्री भएमा मात्र प्रभावकारी उपयोग हुनसक्दछ । तर क्रियाकलाप सञ्चालनबाट निर्धारित उद्देश्य प्राप्ति नहुने, सृजित संरचनाको उपयोग नहुने वा दिगो उपयोग नहुने अवस्थाले अप्रभावकारितालाई संकेत गर्दछ । यसप्रकारको जोखिमलाई लेखापरीक्षकले सम्बोधन गर्नुपर्दछ ।

११.१३ **गलत प्रस्तुति** – लेखापरीक्षकले प्रकोप व्यवस्थापन कोषको वित्तीय विवरण प्रमाणित गर्नुपर्ने भएकाले आम्दानी खर्च सही एवं यथार्थपरक ढङ्गले समावेश गरिएको हुनुपर्दछ । वित्तीय लेखापरीक्षणको क्रममा गलत प्रस्तुति हुनसक्ने जोखिमउपर लेखापरीक्षकको ध्यान जानुपर्दछ ।

११.१४ **मालवस्तु ढुवानी** – एक स्थानबाट पठाइएका मालवस्तु अर्को स्थान वा वितरण केन्द्रमा उही गुणस्तर र परिमाणमा नपुग्ने, ढुवानीमा बढी खर्च गर्ने, भाडाबाट ढुवानी गरिए पनि बेग्लै इन्धन खर्च लेख्ने, वितरण केन्द्रमा उपलब्ध गराइएको मालवस्तुमा समेत दोहोरो ढुवानी खर्च गर्ने जोखिम रहन्छ ।

## १२ लेखापरीक्षणसम्बन्धी संस्थागत व्यवस्था

प्रकोप व्यवस्थापनको लेखापरीक्षण वित्तीय (परिपालनासमेत) र कार्यमूलक लेखापरीक्षणका आधारमा गरिन्छ । नेपाल सरकारका निकायहरु गृह, रक्षा, शहरी विकास, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार तथा यातायात, उद्योग, वाणिज्य तथा आपूर्ति, संघीय मामिला तथा स्थानीय विकासलगायतका मन्त्रालय प्रकोप व्यवस्थापनमा संलग्न हुने भएकाले बेग्लै निकाय खडा नभएको वा कार्यालयमा बेग्लै महानिर्देशनालय वा निर्देशनालय गठन नभएको अवस्थामा सम्बन्धित मन्त्रालयको लेखापरीक्षण गर्ने निर्देशनालयले नै वित्तीय (परिपालनासमेत) लेखापरीक्षण गर्नेछ । प्रकोप व्यवस्थापनका विभिन्न विषयहरुमध्येबाट प्रत्येक वर्ष कार्यमूलक लेखापरीक्षण गरिनेछ ।

प्रकोप व्यवस्थापनको लेखापरीक्षण गर्दा लेखापरीक्षणको योजना तयारी कार्यान्वयन एवं प्रतिवेदनमा एकरुपता ल्याउन, लेखापरीक्षणमा प्रयोग गर्ने चेकलिष्ट फारामहरु परिमार्जन गर्न तथा लेखापरीक्षणलाई निर्देशन एवं समन्वय गर्न देहायबमोजिमको प्रकोप व्यवस्थापन लेखापरीक्षण निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १. उप–महालेखापरीक्षक – | संयोजक (संवैधानिक, सुरक्षा तथा स्थानीय विकास महाशाखा) |
| २. नायब महालेखापरीक्षक – | गृह |
| ३. नायब महालेखापरीक्षक – | रक्षा एवं संवैधानिक |
| ३. नायब महालेखापरीक्षक – | कार्यमूलक तथा विशेष लेखापरीक्षण |
| ४. नायब महालेखापरीक्षक – | शहरी विकास |
| ५. नायब महालेखापरीक्षक – | संघीय मामिला तथा स्थानीय विकास |
| ६. नायब महालेखापरीक्षक – | जनशक्ति विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध |
| ७. निर्देशकहरु – | प्रत्येक सम्बन्धित निर्देशनालयबाट एक/एक जना (समन्वयकर्ता निर्देशकहरु) |

## १३ लेखापरीक्षण प्रतिवेदन व्यवस्था

प्रकोप व्यवस्थापनको लेखापरीक्षणको प्रतिवेदन दुई प्रकारको हुनेछ:

(क) **वित्तीय लेखापरीक्षण:** प्राधिकरणलगायत सरकारी निकायमार्फत भएको आम्दानी खर्चको वित्तीय तथा परिपालनाको लेखापरीक्षण गरी सम्बन्धित निकायमा प्रारम्भिक प्रतिवेदन जारी गरिनेछ । सम्बन्धित निकायका प्रतिक्रिया प्राप्त भएपछि आवश्यकताअनुसार अन्तिम प्रतिवेदन जारी गरी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ ।

(ख) **कार्यमूलक लेखापरीक्षण:** प्रकोप व्यवस्थापन सम्बन्धमा यो निर्देशिकाबमोजिम सम्पादन गरिएको कार्यमूलक लेखापरीक्षणको बेग्लै प्रतिवेदन तयार गरी सम्बन्धित निकाय वा प्राधिकरणमा पठाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ । प्राधिकरणको सांगठनिक संरचना प्रभावकारी नभएसम्म यस्तो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइनेछ ।

कार्यमूलक लेखापरीक्षणको अतिरिक्त निर्देशक समितिले कुनै विषयमा विभिन्न कार्यान्वयन निकायबाट बेग्लै सूचना सङ्कलन एवं विश्लेषण गरी निर्देशिकामा उल्लिखित जोखिमका क्षेत्रमा प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउन सक्नेछ । यस्तो अवस्थामा सो प्रतिवेदन सवै कार्यान्वयन निकाय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइनेछ ।

## १४ जनशक्ति विकास एवं अन्तर्राष्ट्रिय सहयोग

महालेखापरीक्षको कार्यालयका लागि यो लेखापरीक्षण विधि नयाँ अवधारणा भएकाले प्रकोप व्यवस्थापन लेखापरीक्षण गर्न आन्तरिक, स्वदेश र वैदेशिक तालिमको व्यवस्थापन गर्नुपर्दछ । लेखापरीक्षण गर्ने संरचना कर्मचारी समूह वा निर्देशनालय वा महानिर्देशनालय जस्तोसुकै भए तापनि दैवी प्रकोप व्यवस्थापन लेखापरीक्षणमा तालिम प्राप्त गरेको कर्मचारीबाट मात्र लेखापरीक्षण कार्य गराउनुपर्दछ । यसका लागि:

- शुरुको वर्ष प्रकोप व्यवस्थापनमा अनुभव र सीप भएका सर्वोच्च लेखापरीक्षण निकाय वा इन्टोसाइ वा एसोसाइको सहयोगमा तालिम सञ्चालन गर्ने,
- समूह वा निर्देशनालयमा समावेश गर्ने कर्मचारीलाई प्रकोप व्यवस्थापन लेखापरीक्षणमा काम गरिसकेका मुलुकहरु (जस्तै टर्की, इन्डोनेसिया, पाकिस्तान, भारत) को अध्ययन भ्रमण गराई प्रविधि हस्तान्तरण विधिबाट ज्ञान सीप प्राप्त गर्ने,
- कर्मचारीलाई प्रकोप व्यवस्थापन लेखापरीक्षण सम्बन्धमा सम्भाव्य विदेशी निकायबाट प्रशिक्षक प्रशिक्षण प्रदान गराई अन्य कर्मचारीलाई On the job training/ inhouse training प्रदान गर्ने ।

प्रकोप व्यवस्थापन लेखापरीक्षणको क्षेत्रमा अध्ययन तथा तालिमका लागि निम्नानुसारका सहयोग स्वीकार गर्न सकिनेछः

- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको प्राविधिक सहयोग वा संयुक्त लेखापरीक्षण वा तालिम
- सार्वजनिक लेखापरीक्षणका क्षेत्रका अन्तर्राष्ट्रिय संगठनहरुका तालिम कार्यक्रम वा सहयोग
- दातृ निकायहरुबाट क्षमता विकासका कार्यक्रम

कुनै प्रकारको वैदेशिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको नीति तथा प्रक्रिया पूरा गर्ने गरी महालेखापरीक्षकले तोकेको क्षेत्रमामात्र सहयोग प्राप्त गर्न सकिनेछ ।

# १५ अनुसूचीहरु

**अनुसूची – क**

### १५.१ नियन्त्रण वातावरणको मूल्याङ्कन

| क्र.सं. | नियन्त्रण कार्यविधिहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापनसम्बन्धी क्रियाकलाप, संलग्न निकायहरुको काम कर्तव्य र अधिकारसमेत उल्लेख गरी कानुनी व्यवस्था गरिएको | | | |
| २. | प्रकोप व्यवस्थापनको लागि तत्काल स्वंय परिचालित हुने ढंगले संगठनात्मक व्यवस्था गरिएको | | | |
| ३. | प्रकोप व्यवस्थापनसम्बन्धी रणनीति तयार गरी कार्यान्वयन गरिएको | | | |
| ४. | प्रकोप व्यवस्थापनको काम कारबाहीको समन्वय गर्ने काम कुनै निकायलाई दिएको र प्रभावकारी ढङ्गले सम्पादन गरेको अवस्था | | | |
| ५. | प्रकोप व्यवस्थापनसम्बन्धी पूर्व तयारी योजना कार्यान्वयनमा ल्याएको | | | |
| ६. | प्रकोप व्यवस्थापन प्रयोजनका लागि प्राप्त सबै प्रकारका नगदी, जिन्सी सहायताहरु समन्वयात्मक ढङ्गले एकद्वार नीतिअनुरुप प्राप्ति एवं वितरण गरिएको | | | |
| ७. | सहयोग परिचालन सम्बन्धमा नीति, निर्देशन तथा आन्तरिक कार्यविधि निर्धारण गरिएको | | | |
| ८. | पीडितहरुलाई राहत वितरण तथा पुनर्स्थापना पुनर्निर्माण सम्बन्धमा विशेष नीति, निर्देशन र कार्यविधिहरु तयार गरिएको र कार्यान्वयन गरिएको | | | |
| ९. | सहयोग परिचालन, राहत वितरणलगायत आपतकालीन क्रियाकलाप सञ्चालन गर्ने कामको बाँडफाँड एवं आन्तरिक अनुगमन नियन्त्रणको व्यवस्था मिलाइएको | | | |
| १०. | आपतकालीन अवस्थाको सामना गर्न आवश्यक अधिकारसहितको संगठनात्मक ढांचा व्यवस्था गरिएको | | | |
| ११. | पीडितहरुको पहिचान गर्ने प्रणाली स्वतन्त्र उपयुक्त र भरपर्दो | | | |
| १२. | पीडित पहिचान एवं आवश्यकता अनुमान सही र यथार्थपरक बनाउन समुचित अनुगमनको व्यवस्था | | | |
| १३. | सङ्कलित सूचनाहरुसँग प्रभावित क्षेत्रको जनसांख्यिक तथ्याङ्कहरु भिडान गर्ने व्यवस्था | | | |
| १४. | क्षतिको अनुमान गर्ने आधार पर्याप्त र भरपर्दो भए नभएको | | | |
| १५. | नगद, जिन्सी राहत वितरणको भरपाई  राख्ने व्यवस्था | | | |
| १६. | दाताहरुले रकम उपयोग सम्बन्धमा कुनै शर्त वन्देज लगाएको | | | |
| १७. | प्राप्त राहत सामग्रीको उपयुक्त एवं सुरक्षित भण्डारण व्यवस्था सुनिश्चित गरिएको | | | |

| क्र.सं. | नियन्त्रण कार्यविधिहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १८. | आपतकालीन अवस्थामा छुट्टै खरिद कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको | | | |
| १९. | छुट्टै खरिद कार्यविधिले पारदर्शिता एवं जवाफदेहितामा असर पुऱ्याउने अवस्था | | | |
| २०. | पुनर्निर्माण प्रयोजनमा आपतकालीन खरिद कार्यविधि प्रयोगमा ल्याएको अवस्था | | | |
| २१. | सबै प्रकारका नगदी एवं वस्तुगत सहायताको प्राप्ति र खर्चको अभिलेखन एवं प्रतिवेदन गर्ने व्यवस्था | | | |
| २२. | आपतकालीन अवस्थामा प्रकोप व्यवस्थापनमा संलग्न निकायहरुबीच पीडितको आवश्यकता अनुमान र प्राप्त सहयोग एवं वितरण सम्बन्धमा सूचना आदान प्रदान हुने व्यवस्था र सोको कार्यान्वयन भएको | | | |
| २३. | उद्धार राहत प्रयोजनको लागि संलग्न निकायहरु वा टोलीहरुबीच कार्य क्षेत्र विभाजन भएको | | | |
| २४. | प्रकोप पश्चात् पुनर्स्थापना तथा पुनर्निर्माण प्रयोजनका स्रोतसाधनको आवश्यकता, कार्यान्वयन अवधि निर्धारण गरी कार्य योजना तयार गरेर कार्यान्वयनमा ल्याएको | | | |
| २५. | प्रकोप व्यवस्थापनका विभिन्न चरणका क्रियाकलाप कार्यान्वयनको अनुगमन गर्न उच्चस्तरीय संयन्त्र खडा गरिएको | | | |
| २६. | प्रकोप व्यवस्थापनका गतिविधि सम्बन्धमा निरन्तर रुपमा सूचना प्रवाह गर्ने, विभिन्न स्रोतबाट गुनासो एवं पृष्ठपोषण लिने र समयमा नै सुधार ल्याउने प्रणाली स्थापना गरिएको | | | |

*द्रष्टव्यः उपर्युक्तबमोजिमका क्रियाकलापहरु विद्यमान रहे नरहेको र ती क्रियाकलापहरु प्रभावकारी तवरले सञ्चालनमा आए नआएको समग्र मूल्याङ्कनबाट आन्तरिक नियन्त्रण वातावरणको मूल्याङ्कन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्था कमजोर रहेको वा कार्यान्वयनमा नआएको क्षेत्रमा केन्द्रित भएर परीक्षण गर्न लेखापरीक्षकले लेखापरीक्षण कार्यविधि निर्धारण गर्नुपर्दछ ।*

**अनुसूची – ख**

## १५.२ लेखापरीक्षण योजनाको प्रारुप

प्रकोपको कार्यमूलक लेखापरीक्षण गर्ने प्रयोजनको लागि जोखिम मूल्याङ्कनका आधारमा पहिचान भए जोखिमलाई न्यून गर्न लेखापरीक्षण उद्देश्य, लेखापरीक्षण प्रश्नलगायतका विषयहरु उल्लेख गरी लेखापरीक्षण डिजाइन म्याट्रिक्स तयार गर्नुपर्दछ ।

लेखापरीक्षण विषय (Audit Topics):

**लेखापरीक्षण जोखिम (Audit risk):**

| लेखापरीक्षण उद्देश्य | लेखापरीक्षण प्रश्नहरु | लेखापरीक्षण आधारहरु | प्रमाण सङ्कलन (सङ्कलन गर्नुपर्ने सूचनाहरु) | लेखापरीक्षण विधि | कार्यपत्र नम्बर | सम्पन्न गर्ने पदाधिकारी |
|---|---|---|---|---|---|---|
| जोखिम पहिचान गरी लेखापरीक्षणबाट प्राप्त गर्न खोजेको विषय राख्नुपर्दछ ।<br>● स्पष्ट<br>● मापन योग्य<br>● विशिष्ट<br>● प्राप्त गर्न सकिने | कुन विषयको बारेमा जान्न खोजिएको हो ?<br>● स्पष्ट<br>● मापन योग्य<br>● प्राप्त गर्न सकिने | मापन गर्ने वा मूल्याङ्कन गर्न लिने आधारहरु<br>● प्रकोप व्यवस्थापन ऐन, नियम, निर्देशिका, रणनीति, कार्यनीति, कार्ययोजना<br>● संगठनात्मक जिम्मेवारी | ऐन नियमको परिपालना भए नभएको जानकारी हुने कागजात, विवरण आदि । | कागजात पुनरावलोकन, अन्तर्वार्ता, प्रश्नावली, निरीक्षण, अवलोकन, छलफल, सोधपुछ आदि | सङ्कलित प्रमाण र टिपोटको नम्बर, | |

**अनुसूची – ख१**

## १५.३ प्रकोप व्यवस्थापनको लेखापरीक्षणसम्बन्धी उदाहरण

**लेखापरीक्षण विषय:** भूकम्प पीडितलाई राहत वितरण

**लेखापरीक्षण जोखिम:–** राहत वितरणमा समानता नहुने

| लेखापरीक्षण उद्देश्य | लेखापरीक्षण प्रश्नहरु | लेखापरीक्षण आधारहरु | प्रमाण सङ्कलन (सङ्कलन गर्नुपर्ने सुचनाहरु) | लेखापरीक्षण विधि | कार्यपत्र नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| सबै भूकम्प पीडितलाई आवश्यकतानुसार समानरुपमा राहत पुगे नपुगेको मूल्याङ्कन गर्नु | • दुर्गम क्षेत्रका भूकम्प पीडितले समान रुपमा राहत पाएका छन् ?<br>• राहत वितरण सडक पुग्ने क्षेत्रमामात्र केन्द्रित छ कि ?<br>• एउटै क्षेत्रका पीडितहरुलाई विभिन्नदाताबाट प्राप्त राहत वितरण गरिएको छ ?<br>• राहत वितरणमा एकद्वार नीति अवलम्बन गरी समन्वय भएको छ ? | • दैवी प्रकोप व्यवस्थापन ऐन, २०३९<br>• दैवी प्रकोप व्यवस्थापन निर्देशिकाबमोजिम पीडितलाइ राहत वितरण गर्नुपर्दछ । | क्षेत्रगत पीडित एवं राहत वितरण विवरण,<br>राहत वितरण भरपाई | • भूकम्प पीडितसँग अन्तर्वार्ता<br>• प्रश्नावली<br>• कागजात<br>• स्रेस्ता परीक्षण<br>• अवलोकन निरीक्षण<br>• सरोकारवालासँग छलफल | | |

**अनुसूची – ग**

## १५.४ प्रकोपपूर्वका क्रियाकलापसम्बन्धी परीक्षण

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणका विषय/परीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| १. | <u>संगठनात्मक तथा रणनीतिक प्रर्याप्तता</u><br>१ प्रकोपको जोखिम न्यूनीकरणको लागि एकीकृत जोखिम व्यवस्थापन रणनीति र नीतिहरु तयार नहुने वा तयार भएपनि पर्याप्त नहुने,<br>२ प्रकोपको जोखिम न्यूनीकरण कार्यलाई सफलतापूर्वक र समन्वयात्मक रुपमा सम्पन्न गर्ने प्रभावकारी संगठनात्मक ढाँचा नहुने<br>३ प्रकोपको जोखिम न्यूनीकरणको लागि प्रभावकारी प्रविधि र प्रणाली उपयोग नगरिने | १ राष्ट्रिय प्रकोप रणनीति र कार्ययोजनाले सम्भावित सबै प्रकोपको अनुमान गरेको र आवधिक रुपमा त्यसमा आवश्यक पुनरावलोकन तथा संशोधन गरेको<br>२ राष्ट्रिय प्रकोप रणनीति र कार्ययोजनाले सम्बन्धित सबै निकायको काम कर्तव्य तथा जिम्मेवारी स्पष्ट उल्लेख गरी काम कर्तव्यको प्राथमिकीकरण र कार्यान्वन तालिका समेत उल्लेख गरेको<br>३ प्रकोपको जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रियस्तरको लक्ष्य उद्देश्य र रणनीतिलाई सवल वित्तीय र कानुनी व्यवस्थामा आधारित गरेको<br>४ प्रकोपसम्बन्धी जोखिम न्यूनीकरण गर्ने कानुनी व्यवस्थाले समन्वयकारी निकायको काम कर्तव्य दक्षता र जिम्मेवारीलाई स्पष्ट किटान गरेको<br>५ प्रकोपको जोखिम न्यूनीकरण कार्यको समन्वयकारी निकायले योजना, समन्वय र अनुगमन गर्नको लागि पर्याप्त जनशक्ति वित्तीय तथा अन्य स्रोतसाधनको व्यवस्था रहेको ।<br>६ राष्ट्रिय तथा स्थानीयस्तरमा सम्बन्धित निकायहरुलाई सजिलै पहुँच हुने र निर्णय प्रक्रियामा सघाउ पुऱ्याउन सक्ने एकीकृत सूचना प्रणालीको व्यवस्था गरेको । | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणका विषय/परीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| २. | <u>स्थानीय स्तरमा अकस्मिक कार्य तयारी</u><br>१ स्थानीयस्तरमा प्रकोप तथा इमरजेन्सी सहायतासम्बन्धी योजना तयार नगरिने,<br>२ प्रकोपको क्षेत्रलाई समेट्ने तथा सचेतना अभिवृद्धि क्रियाकलाप सञ्चालन नगरिने<br>३ तालिम तथा सचेतना अभिवृद्धि क्रियाकलाप पर्याप्त मात्रामा नगरिने | १ स्थानीयस्तरको इमरजेन्सीसम्बन्धी कार्यान्वयन योजना बनाउँदा स्थानीय प्रकोपको जोखिमलाई ध्यान दिएको र राष्ट्रियस्तरको योजनासँग मिलेको,<br>२ स्थानीयस्तरको अकस्मिकसम्बन्धी कार्यान्वयन योजना वास्तविकतामा आधारित र अनुगमन तथा मूल्याङ्कन गर्न सकिने खालको रहेको,<br>३ कार्यान्वयन योजनाले विभिन्न अवस्थामा हुने विभिन्न किसिमको प्रकोपलाई समेटेको,<br>४ कार्यान्वयन योजना सहभागितामूलक रुपमा तयार गरिएको र आवधिक पुनरावलोकन गरिएको,<br>५ कार्यान्वयन योजनाले निजी क्षेत्र र गैरसरकारी संस्थालाई जिम्मा दिने क्रियाकलापको निर्धारण गरेको,<br>६ कार्यान्वयन योजनाले जिम्मेवारी बाँडफाँडको स्पष्ट किटान गरेको,<br>७ कार्यान्वयन योजनाले अशक्त वृद्ध र ालकजस्ता विशेष व्यवस्था गर्नुपर्ने वर्गलाई ध्यान दिएको,<br>८ प्रकोपको समयमा आवश्यक आधारभूत आपूर्ति खाद्यान्न, पानी, औषधिको पर्याप्त भण्डार व्यवस्था मिलाएको,<br>९ सम्बन्धित निकाय तथा जनतालाई प्रकोपको अवस्थामा निरन्तर र प्रभावकारी रुपमा सुसूचित गराउने भौतिक संरचनाको निर्वाध सञ्चालन र त्यसको वैकल्पिक प्रणालीलाई कार्यान्वयन योजनामा समावेश गरेको,<br>१० प्रकोप संवेदनशील क्षेत्रको पहिचान एवं उद्धार राहत परिचालनसम्बन्धी नक्सांकन गरिएको,<br>११ तालिम तथा सचेतना अभिवृद्धिका क्रियाकलापहरुको योजना सञ्चालन र अनुगमनलाई रणनीतिमा समावेस गरिएको,<br>१२ प्रकोप पूर्वसूचना प्रणाली (Early Warning System) जडान गरिएको,<br>१३ इमरजेन्सीसम्बन्धी तालिमलाई वार्षिक तालिम कार्यक्रममा समावेश गरी तालिम सामग्री व्यवस्था र सम्बन्धित निकायहरुको समन्वयमा तालिम सञ्चालन गरेको,<br>१४ सचेतना अभिवृद्धि क्रियाकलापको प्रभावकारी व्यवस्थापन गरिएको र योजना मुताबिक स्वयं सेवकहरुको सहभागिता गराइएको । | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणका विषय/परीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| ३. | <u>आवास क्षेत्र सम्बन्धी तयारी</u><br>१ निर्माण कार्यको नक्सा पास गर्दा प्रकोपको जोखिमलाई विचार नगरिने<br>२ शहरी विकास योजना बनाउँदा प्रकोपको जोखिमलाई विचार नगरिने<br>३ सम्भावित प्रकोपबाट समुत्थान हुन सक्ने गरी भवन निर्माण गर्न मापदण्ड निर्धारण, सोको परिपालना सम्बन्धमा प्रभावकारी अनुगमन नगरिने | १ प्रकोपको जोखिमलाई विचार गरेर निर्माण योजना वनाएको र त्यसको समायोजन गरेको,<br>२ सूक्ष्म क्षेत्रीय नक्सा र स्थानीय एकीकृत प्रकोप नक्साको आधारमा जोखिमयुक्त क्षेत्रको पहिचान गरेको,<br>३ जोखिमयुक्त क्षेत्रको पहिचान गरी संरक्षण योजना बनाएको,<br>४ प्रकोपको सुरक्षित क्षेत्रको पहिचान, सूचना सम्प्रेषण एवं बसोबास व्यवस्था मिलाएको,<br>५ प्रकोपबाट समुत्थान हुने गरी भवनहरु बनाइएको आश्वस्तता दिन सक्ने मापदण्ड निर्धारण एवं प्रभावकारी अनुगमन संयन्त्र रहेको,<br>६ अल्पकालीन र दीर्घकालीन योजनाअनुसार भवनको सवलीकरण वा र विसर्जन कार्य हुने गरेको,<br>७ प्रकोपको जोखिम मूल्याङ्कनको आधारमा क्षेत्र र प्राथमिकता निर्धारण गरी भवनको सवलीकरण एवं विसर्जन गरिएको,<br>८ सवलीकरण तथा विसर्जन कार्यको लागि योजना, लक्ष्य र बजेटको तादम्यता रहेको,<br>९ प्रकोपको जोखिम र क्षति न्यूनीकरण गर्ने गरी पारदर्शितापूर्वक शहरी विकास योजना कार्यान्वयन भएको । | | |

## अनुसूची – घ

### १५.५ आपतकालीन व्यवस्थापनसम्बन्धी परीक्षण

| क्र.सं. | परीक्षणको विषय र जोखिमका क्षेत्र | परीक्षणका विषय/परीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| १ | **उद्धार कार्य**<br>१ उद्धार कार्य ढिलाइ हुन सक्ने<br>२ अत्यावश्यकीय आपूर्तिमा ढिलाइ हुनसक्ने | १ मृतक जीवितको खोज उद्धार प्रयोजनको लागि तत्काल परिचालन हुने व्यवस्था मिलाएको,<br>२ अत्यावश्यकीय वस्तु सेवाहरु तत्कालै उपलब्ध गराउने गरी टोली परिचालन भएको,<br>३ टोलीमा सबै क्षेत्रका व्यक्ति तथा विशेषज्ञहरु समावेश रहेको । | | |
| २ | **नगद सहायता वितरण**<br>१ वितरण गरेको नगद असम्बन्धित व्यक्तिले प्राप्त गर्न सक्ने,<br>२ नगद वितरण कार्यको जिम्मेवारी स्पष्ट नहुने,<br>३ तोकिएको भन्दा बढी नगद वितरण हुनसक्ने,<br>४ नगद वितरणको अभिलेख तोकिए बमोजिम नराख्ने,<br>५ वितरण गरी बाँकी रहेको नगद हिनामिना हुनसक्ने | १ वितरक निकायलाई एकद्वार प्रणालीमार्फत आधिकारिक च्यानलबाट रकम पठाएको,<br>२ एकभन्दा बढी व्यक्ति वा संस्थालाई वितरण गर्न दिएकोमा जिम्मेवारी बाँडफाँड र समन्वय व्यवस्था मिलाएको,<br>३ सहायता प्रापकको पहिचान हुन सक्ने उपयुक्त व्यवस्था र सही किसिमले वितरण भएको अवस्था,<br>४ आधिकारिक निकायले तोकेको सीमाभित्र रहेर मापदण्डबमोजिम नगद वितरण गरेको,<br>५ सहायता प्रापकबाट सहीछाप वा ल्याप्चे गरिएको, तोकेबमोजिमको भरपाई गराएको र सोको व्यवस्थित अभिलेख राखेको,<br>६ कुनै निश्चित क्षेत्रको प्रापकको संख्या अनुमान गरेअनुसार भएको,<br>७ एउटै प्रापकलाई एकभन्दा बढी पटक भुक्तानी नदिन अपनाएको सावधानी,<br>८ वितरण हुन नसकेको नगद केन्द्रीय संस्थामा फिर्ता प्राप्त भएको र त्यसको लेखाङ्कन गरेको । | | |
| ३ | **जिन्सी सहायता वितरण**<br>१ वितरण गरेको जिन्सी असम्बन्धित व्यक्तिले प्राप्त गर्नसक्ने<br>२ जिन्सी वितरण कार्यको जिम्मेवारी स्पष्ट नहुनसक्ने<br>३ जिन्सी प्राप्ति, वितरण र मौज्दातको अभिलेख तोके बमोजिम नराखेको हुनसक्ने | १ दाता निकायले वितरक निकायलाई सहायता बुझाएको,<br>२ सबै जिन्सी सहायता वितरण एकद्वार प्रणालीअन्तर्गत भएको,<br>३ दाता वा उपलब्ध गराउने निकायप्रति वितरक निकाय जिम्मेवार रहेको,<br>४ प्राप्त भएका सबै वस्तुहरु मौज्दातमा अभिलेखन गरेको,<br>५ विभिन्न संस्था निकायबाट प्राप्त मालवस्तु र वितरण गरिएको मालवस्तु भिडान भएको,<br>६ खाद्यलगायतका वस्तुको भण्डारण गर्ने स्थान उपयुक्त रहेको,<br>७ खाद्य सामग्रीलाई खानयोग्य म्याद ननाघ्दै वितरण गरेको, | | |

| क्र.सं. | परीक्षणको विषय र जोखिमका क्षेत्र | परीक्षणका विषय/परीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| | ४ वितरण गरी बाँकी रहेको जिन्सी हिनामिना हुने वा प्रयोगहीन बन्न सक्ने | ८ खाद्यलगायत राहत सामग्री उपयुक्त गुणस्तरको रहेको,<br>९ प्रभावित क्षेत्रमा भोकमरी तथा मृत्युको अवस्था आउन नदिने गरी सामग्री वितरण व्यवस्था मिलाएको ,<br>१० भण्डारबाट सामान पठाएको अभिलेख राखेको,<br>११ राहत सामग्री पीडितको आवश्यकताअनुरुप (धार्मिक, सांस्कृतिक मूल्य मान्यता अनुकुल) रहेको,<br>१२ राहत सामग्रीको प्रयोगबारे पीडितहरु जानकार रहेको,<br>१३ प्रभावित मानिसलाई पक्षपात नगरी एकरुपता पूर्वक वितरण गरेको,<br>१४ प्रापकबाट भरपाई प्राप्त गरेको,<br>१५ भण्डारबाट पठाएको सामग्री र प्रभावितले बुझेको संख्या भिडान भएको,<br>१६ एउटै मानिसलाई सहायता वितरण पटक पटक गरेकोमा समयान्तरको पालना गरेको,<br>१७ राहत सामग्री वितरण सुगम क्षेत्रमा मात्र केन्द्रित नभई सबै क्षेत्र समेटेको,<br>१८ एकै स्थानमा विभिन्न स्रोतबाट आवश्यकताभन्दा बढी राहत सामग्री वितरण गरेको,<br>१९ राजस्व छुटमा भन्सारबाट भित्रिएका राहत सामग्रीको तथ्याङ्क लिई सम्बन्धित निकायबाट प्रभावितलाई वितरण गरेको विवरणसँग भिडान गरेको,<br>२० एउटै प्रयोजनमा नगद र जिन्सी दोहोरो हुने गरी वितरण गरेको । | | |
| ४ | **वितरणको सामान्य व्यवस्थापन**<br>१ सामग्री ढुवानीको सुविधा नहुनसक्ने<br>२ जिन्सी कलेक्सन र वितरण केन्द्र असुविधाजनक र असुरक्षित स्थानमा हुनसक्ने<br>३ बसोबास स्थलमा सरसफाई र स्वास्थ्य सुविधा नपुगेको हुनसक्ने,<br>४ वितरण कार्यमा ढिलाई हुनसक्ने | १ भण्डारदेखि वितरण केन्द्रसम्म सामग्री सुरक्षित ढुवानीको लागि उपयुक्त व्यवस्था गरेको,<br>२ प्रभावित मानिसको लागि सुविधाजनक स्थानमा वितरण केन्द्रको व्यवस्था गरेको<br>३ अस्थायी बसोबास गरेका प्रभावित मानिसको बसोबास स्थल सुरक्षित, पर्याप्त स्थान, सफा खानेपानी, महामारी नियन्त्रण, स्वास्थ्य सुविधाको व्यवस्था रहेको,<br>४ अस्थायी बसोबास स्थलमा आधारभूत औषधिको पर्याप्त व्यवस्थापन गरिएको,<br>५ सामग्री वितरण केन्द्रमा आउने स्वयम सेवकको दर्ता गरेको र असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न रोकेको,<br>६ राहत प्राप्त गर्नको लागि प्रभावित व्यक्तिहरु लामो लाइनमा बस्न नपर्ने गरी पर्याप्त स्वयम सेवक/कामदारको व्यवस्था गरेको । | | |

**अनुसूची – ङ**

**१५.६ राहत र पुनर्निर्माणसम्बन्धी परीक्षण**

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणको विषय /लेखापरीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| १ | **क्षतिको लेखाजोखा**<br>१ परिचालन गरिएका समूहहरु दक्ष स्वतन्त्र र निष्पक्ष नहुनसक्ने,<br>२ सम्बन्धित सूचना सङ्कलनको लागि प्रयोग गरेका फारामहरु विस्तृत सूचना दिने खालका नहुनसक्ने,<br>३ प्रक्रियाको अनुगमन उपयुक्त नहुनसक्ने,<br>४ सङ्कलित तथ्याङ्कलाई स्थानीय निकायमा रहेको तथ्याङ्कसँग भिडाएर नरहेको हुनसक्ने,<br>५ सङ्कलित सूचनाको आवश्यक विश्लेषण नगरेको र उपयुक्त वर्गीकरण तथा एकत्रित नगरेको हुनसक्ने,<br>६ प्रक्रियाको आवश्यक डकुमेन्ट खडा नगरेको हुनसक्ने,<br>७ प्रमुख सरोकारवालाहरुबाट जानकारी लिने र त्यसलाई महत्व दिने नगरेको हुनसक्ने । | १ परिचालित समूहको योग्यता र छनौट प्रक्रियाको परीक्षण गर्ने,<br>२ प्रयोग गरिएका फारामहरु राम्ररी भरिएको नभरिएको परीक्षण गर्ने,<br>३ क्षति लेखाजोखामा अनुगमनको जिम्मेवारी तोकिएको छ छैन परीक्षण गर्ने,<br>४ मिटिङको माइन्यूटहरुमा सरोकारवालाको व्यहोरा उल्लेख गरेको परीक्षण गर्ने,<br>५ क्षतिको झुठ्ठा विवरण दिएको,<br>६ झुठ्ठा पीडित खडा गर्ने वा प्रकोप पश्चात कागजात तयार गरी क्षति वा राहत रकम दाबी गरेको,<br>७ परिवार संख्या लगायतका सूचनाहरु स्थानीय निकायमा उपलब्ध तथ्याङ्कसँग भिडाएर हेर्ने,<br>८ क्षति मूल्याङ्कनका आधार स्पष्टरुपमा पहिले नै निर्धारण गरेको र समरुपले प्रयोग गरेको,<br>९ क्षति मूल्याङ्कन स्वतन्त्रपूर्वक हुन नसकेको दबाब र प्रभाव रहेको । | | |
| २ | **खरिद**<br>१ आवश्यकताअनुसार खरिद नगरेको हुनसक्ने,<br>२ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली, २०६४ को पालना नगरेको हुनसक्ने,<br>३ वितरणको लागि कम गुणस्तरका सामान खरिद गरेको हुनसक्ने,<br>४ निर्माण कार्यको लागि निर्माण व्यवसायीको आवश्यक योग्यता नभएको हुनसक्ने,<br>५ निर्माण कार्यमा कम गुणस्तरका निर्माण सामग्री प्रयोग गरेको हुनसक्ने,<br>६ ठेक्कापट्टामा सरकारको हित संरक्षण नगरेको | (क) **नियन्त्रणको जाँच** – वस्तु र सेवासम्बन्धी ठेक्का/कार्यको प्रतिनिधिमूलक नमूना छनौट गरी निम्न कुराको जाँच गर्ने:<br>१ अधिकार प्राप्त अधिकारीले तोकिएको सीमाभित्र रहेर खरिद कार्यको स्वीकृति गरेको थियो वा थिएन,<br>२ भुक्तानी दिनको लागि पेश गर्नुपूर्व आपूर्तकले पेश गरेको बिल र खरिद आदेशको भिडान गर्ने व्यवस्था थियो थिएन,<br>३ प्राप्त भएको वस्तु तथा खरिद आदेश, बिल र सेवाहरु खरिदका शर्तअनुसार जाँच गर्ने व्यवस्था थियो वा थिएन,<br>४ खरिद आदेशअनुसारको गुणस्तरको वस्तु वा सेवा प्राप्त भए वा नभएको जाँच गर्ने व्यवस्था थियो वा थिएन, (जस्तै चामलको | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणको विषय /लेखापरीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| | हुनसक्ने,<br>७ ठेक्का कार्यान्वयनको अवस्थामा ठेक्कापट्टाका सर्तहरु आपूर्तिकर्ता निर्माण व्यवसायीको पक्षमा हुने गरी परिवर्तन गरेको हुनसक्ने,<br>८ अनावश्यक सामान खरिदको कार्यादेश दिइएको हुनसक्ने,<br>९ कार्यादेश दिएअनुसारका सामानहरु प्राप्त नभएका हुनसक्ने,<br>१० कार्यादेश दिएका भन्दा फरक किसिमका सामान प्राप्त भएको हुनसक्ने,<br>११ अधिकार प्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिले कार्यादेश दिएको हुनसक्ने । | गुणस्तर, पाल वा त्रिपालको परिमाण, क्षमता र अवस्था, च्यातिएको नच्यातिएको),<br>५ वस्तु र सेवा प्राप्त भएको निश्चित गरेपछि मात्र बिलको भुक्तानी गर्ने व्यवस्था गरेको थियो वा थिएन,<br>६ निर्माण कार्य तोकिएको मापदण्ड अनुसार भए नभएको गुणस्तर परीक्षण एवं सुपरभिजन गर्ने व्यवस्था छ छैन ।<br>**(ख) सारभूत परीक्षण** – वस्तु वा सेवासम्बन्धी ठेक्का/कार्यको प्रतिनिधिमूलक नमूना छनौट गरी निम्न कुराको परीक्षण गर्नेः<br>१ खुला प्रतिस्पर्धात्मक विधिबाट खरिद गरेको थियो वा थिएन,<br>२ खरिदको सूचना बहुप्रचलित पत्रिकामा प्रकाशित गरिएको थियो वा थिएन,<br>३ सोझै खरिद भएको वा लागत टुक्र्याई खरिद गरेको छैन्,<br>४ स्पेसिफिकेशन स्पष्ट छ छैन, कुनै विशेष आपूर्तिकर्तालाई मिल्दो हुने गरी स्पेसिफिकेशन तयार गरेको छ छैन्,<br>५ एउटै प्रकृतिका माल वस्तु वा निर्माण कार्यको खरिद दरमा अस्वभाविक अन्तर रहेको नरहेको,<br>६ सारभूत रुपमा घटीवालालाई ठेक्का प्रदान भए नभएको,<br>७ खरिदको लागि पर्याप्त समय दिने अवस्था थियो थिएन् ,<br>८ करयोग्य वस्तु वा सेवा मूल्य अभिवृद्धि कर दर्ता भएको आपूर्तकबाट खरिद गरेको र भुक्तानीमा अग्रिम कर कट्टी गरेको थियो वा थिएन,<br>९ कारोबारको नमुना परीक्षण गर्दा खरिद आदेश, बिल दाखिला रिर्पोट अन्य कुनै कागजात र भुक्तानी रकमको तादम्यता परिमाण र मूल्यसँग थियो वा थिएन,<br>१० नपुग सामान, प्रतिस्थापित सामान र पटके रुपमा प्राप्त हुने गरी खरिद गरेकोमा प्राप्त भएको सामान वा सेवाको मात्र भुक्तानी दिएको थियो वा थिएन,<br>११ सामान आपूर्ति वा निर्माण कार्य तोकिएको समयमा भएको छ | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणको विषय /लेखापरीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| | | छैन,<br>१२ बिल र भुक्तानीको रकम उपयुक्त मूल्यमा वा सम्झौता गरेको मूल्यमा ढुवानी भाडा समेत सही मूल्यमा (यदि आवश्यक छ भने) उल्लेख गरेको थियो वा थिएन<br>१३ बिलमा पेश्की रकम उल्लेख गरेको र भुक्तानीमा पेश्की कट्टी गरेको थियो वा थिएन,<br>१४ सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गरेको छ छैन, थप काम गराएकोमा औचित्यता पुष्टयाई हुन्छ हुदैन,<br>१५ निर्माणाधीन वा निर्माण सम्पन्न भौतिक सम्पत्ति पूर्वाधारको निरीक्षण गर्ने । | | |
| ३ | <u>जिन्सी व्यवस्थापन</u><br>१ प्रभावित मानिसको लागि दाताबाट प्राप्त वा खरिद गरेको वस्तुहरुको भण्डारण उपयुक्त नहुने,<br>२ आधिकारिक व्यक्तिबाहेक अन्य व्यक्तिलाई पनि भण्डारमा प्रवेश गर्न दिएको हुनसक्ने,<br>३ चोरीबाट जिन्सी सामग्रीको सुरक्षा व्यवस्था पर्याप्त नभएको हुन सक्ने,<br>४ एकभन्दा बढी पक्षहरु वा संस्थाहरुले जिन्सी वितरण गर्न सक्ने, तिनीहरुको बीचमा सूचना आदान प्रदान नहुनसक्ने, जस्ले गर्दा वस्तु तथा सामग्रीको अनुपयुक्त तवरले वितरण भएको स्थिति पत्ता लाग्न नसक्ने स्थिति हुनसक्ने,<br>५ आवश्यकता भन्दा बढी जिन्सी थुपारेर राख्नसक्ने, आवश्यकता भन्दा बढी परिमाणमा सामान खरिद हुनसक्ने वा दातृसंस्थासँग समन्वय नगरीकन प्राप्त हुनसक्ने,<br>६ जिन्सीको प्राप्ति र वितरण व्यवस्था कमजोर रहेको कारणले गर्दा हिनामिना तथा दुरुपयोग हुनसक्ने र | **(क) नियन्त्रणको जाँच** – कारोबार तथा अवस्थाको प्रतिनिधिमूलक नमुना छनौट गरी निम्न कुराको जाँच गर्ने:<br>पुनर्स्थापना तथा पुनर्निर्माण कार्यको आवश्यकता अनुसारको सामग्री आपूर्ति भएको आश्वस्त हुन सकिने उपयुक्त प्रक्रियाहरु विद्यमान थिए वा थिएनन,<br>१ जिन्सी भण्डारमा सामान भित्रिने र वितरणको लागि सामान बाहिरिने समयमा शीघ्र र सही रुपमा अभिलेख गरेको छ भनी आश्वस्त हुन सकिने उपयुक्त प्रक्रियाहरु विद्यमान थिए वा थिएनन,<br>२ दाताबाट प्राप्त भएका वस्तुगत अनुदानको अभिलेखन व्यवस्था अनिवार्य थियो थिएन,<br>३ भौतिक रुपमा उपलब्ध जिन्सी, त्यसको अभिलेखसँग आवधिक रुपमा भिडान गर्ने प्रणाली विद्यमान थियो वा थिएन,<br>४ जिन्सीको चुहावटको जोखिमप्रति व्यवस्थापन सचेत थियो वा थिएन र जिन्सीको सुरक्षाको लागि चुहावट हुनबाट जोगाउने तथा चुहावट भएमा पत्ता लगाउन सक्ने नियन्त्रणको व्यवस्था विद्यमान थियो वा थिएन । | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणको विषय /लेखापरीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| | खेर जानसक्ने । | | | |
| | | (ख) **सारभूत परीक्षण** – कारोबार तथा अवस्थाको प्रतिनिधिमूलक नमुना छनौट गरी सम्बन्धित सवै प्रमाण कागजात प्राप्त गरी निम्न कुराको जाँच गर्ने:<br>१ खरिद गरिएका र दाताबाट प्राप्त भएका जिन्सी र प्रभावित व्यक्तिलाई त्यसको वितरण भएको अभिलेख उपयुक्त किसिमले छुट्टै रजिष्टरमा राखेको थियो वा थिएन,<br>२ दाताहरुबाट प्राप्त प्रमुख जिन्सी सामानको दाताबाट परिमाणको कन्फर्मेशन लिने र त्यसलाई स्टक रजिष्ट्रमा उल्लेख गरेको अङ्कसँग भिडान गर्ने,<br>३ सही पक्षलाई भुक्तानी भएको हेर्नको लागि चेक रजिष्टर, बिल र डेलिभरी सूचनाको तुलना गर्ने,<br>४ अन्तिम मौज्दात रहेको जिन्सी सामानको वर्तमान अवस्था जाँच गर्ने । | | |
| ४ | <u>**वित्तीय व्यवस्थापन**</u><br>१ सरकारको तर्फबाट गरिनुपर्ने कार्यहरु नगरेको कारण कवुल गरेअनुसारको रकम खर्चको लागि प्राप्त नभएको हुनसक्ने,<br>२ पुनर्निर्माणको लागि प्राप्त रकमहरुको लेखा उपयुक्त किसिमले नराखेको र ती रकमहरु बजेटको दायरामा नआएको हुनसक्ने,<br>३ निर्धारित उद्देश्यको लागि नै रकम खर्च गरेको नहुनसक्ने,<br>४ दक्ष र प्रभावकारी रुपमा रकम खर्च गरेको नहुनसक्ने,<br>५ सम्बन्धित निकायमा निकासा पठाउन वा पाउन ढिलाई भएको हुनसक्ने,<br>६ कारोबार शीघ्र र उपयुक्त किसिमले अभिलेख गरेको | (क) **नियन्त्रणको जाँच** – राहतकोषको हिनामिना, हानि नोक्सानी र दुरुपयोग हुनबाट जोगाउने र त्यसो भइहालेको अवस्थामा पत्ता लगाउने नियन्त्रण प्रणालीको विद्यमानता छ छैन भन्ने जाँच लेखापरीक्षकले गर्नुपर्दछ । प्रतिनिधिमूलक र उच्च मूल्य पर्ने कारोबारको नमुना लिई नियन्त्रण प्रणालीको परीक्षण गर्न लेखापरीक्षकले निम्न कुराहरुको जाँच गर्नुपर्दछ ।<br>१ कार्यसञ्चालनमा सान्दर्भिक कानुन तथा नियमको पालना भएको छ छैन,<br>२ आवश्यक देखिएको र स्वीकृत गरिएको कार्यान्वयन योजनाको बीचमा एकरुपता छ छैन,<br>३ स्थलगत अवलोकनबाट कामको वास्तविक र प्रतिवेदन गरिएको भौतिक प्रगतिबीचमा एकरुपमा देखियो वा देखिएन,<br>४ स्वीकृत गरेको प्रक्रियाअनुसार खर्चको लेखाङ्कन र प्रतिवेदन | | |

| क्र.सं. | जोखिमका क्षेत्र | परीक्षणको विषय /लेखापरीक्षण पद्धति | परीक्षक | कार्यपत्र |
|---|---|---|---|---|
| | र प्रमाण कागजातहरु संलग्न गरेको नहुनसक्ने,<br>७ अख्तियारीको बाँडफाँड अनुपयुक्त किसिमले गरेको हुनसक्ने,<br>८ प्रभावित व्यक्तिलाई जीवनयापनसम्बन्धी र अन्य सहायता उपलब्ध गराउन एकभन्दा बढी सरकारी निकायहरु अनावश्यक रुपमा संलग्न भएको र तिनको बीचमा समन्वय कमजोर रहेको हुनसक्ने,<br>९ सम्बन्धित अख्तियारवाला, बैंक र लेखा राख्ने कार्यालयबीच अद्यावधिक रुपमा हिसाब भिडान नभै रकमको हिनामिना, हानि नोक्सानी र दुरुपयोग भएको हुनसक्ने,<br>१० व्यवस्थापन र दाताको हिसाब किताब भिडान नभएको हुनसक्ने । | गरिएको छ छैन,<br>५ पुनर्निर्माण कार्यको भौतिक प्रगतिसँग एकरुपता हुने गरी रकम निकासा भएको थियो वा थिएन,<br>६ पुनर्निर्माणसँग सम्बन्धित सबै कार्य समेट्ने गरी अनुगमनको व्यवस्था गरेको छ छैन,<br>७ दातासँग भएको सम्झौताको शर्तहरु समीक्षा गर्ने ।<br>(ख) **सारभूत परीक्षण** – कारोबारको नमुना छनौट गरी त्यससँग सम्बन्धित सबै प्रमाण कागजात लिई जाँच तथा परीक्षणका विभिन्न प्रक्रियाहरु अवलम्बन गर्नुपर्दछ:<br>१ सम्बन्धित सरकारी कार्यालय, लेखा राख्ने कार्यालय, दाताहरु र बैंकखातासंग सान्दर्भिक हिसाब किताब र प्रमाण कागजातबाट कोषको आम्दानी, खर्च तथा मौज्दातको पूर्णता र सत्यता जाँच गर्ने,<br>२ बजेटमा समावेश नभई उपलब्ध भएका सहयोगको पहिचान गर्ने,<br>३ बैंक, दाता र प्रापकबाट कन्फर्मेशन लिएर त्यसको लेखा किताबसँग भिडान गर्ने,<br>४ सम्पत्तिको विद्यमानता, अभिलेख गरिएको कारोबारको मिति, सम्बन्धित पक्ष, परिमाण, इकाई मूल्य, जम्मा रकम जाँच गर्ने,<br>५ वस्तुगत सहायता रकमको लेखांङ्कन गरी प्रतिवेदन गरे नगरेको,<br>६ सम्बन्धित आर्थिक वर्षभित्रै कारोबारको अभिलेख गरिएको छ छैन जाँच गर्ने,<br>७ सम्पत्ति र अन्य खरिदको सम्बन्धमा जम्मा खरिद रकम र खरिदको अभिलेख जाँच गरी लेखा तथा वित्तीय विवरणसँग भिडान गर्ने,<br>८ दाताबाट प्राप्त सहयोगबाट व्यहोरिएको प्रशासनिक ओभरहेड खर्च, विदेशी जनशक्तिको खर्च र प्रभावितसम्म पुगेको सहायता रकम तुलना गर्ने । | | |

## १५.७ विपद् वा प्रकोप व्यवस्थापनसँग सम्बन्धित कानुन, नियम तथा अन्य व्यवस्थाहरु

| क्रम संख्या | कानुनी व्यवस्था |
|---|---|
| १. | भूकम्मबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धि अध्यादेश, २०७२ |
| २. | दैवी प्रकोप उद्धार ऐन, २०३९ |
| ३. | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ |
| ४. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ |
| ५. | राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० |
| ६. | प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ |
| ७. | विपद् पश्चात्को शव व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०६८ |
| ८. | प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ |
| ९. | नेपाल सरकारको ८३ वटा खुल्ला क्षेत्र कायम गर्ने निर्णय, २०६९ |
| १०. | जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६९ |
| ११. | स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ |
| १२. | विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१ |
| १३. | बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ |
| १४. | जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ |
| १५. | वन डँढेलो व्यवस्थापन रणनीति, २०६७ |
| १६. | वन्यजन्तुबाट अप्रत्यासित रुपमा हुने क्षतिको राहत सहयोगसम्बन्धी निर्देशिका, २०६५ |
| १७. | वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ |
| १८. | बर्ड फ्लु नियन्त्रण आदेश, २०६४, २०६५ र २०६७ |
| १९. | प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ |
| २०. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| २१. | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ |
| २२. | वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० |
| २३. | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ |
| २४. | न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५ (परिमार्जन र संशोधन सहित) |
| २५. | फोहरमैला व्यवस्थापन ऐन, २०६८ |
| २६. | फोहरमैला व्यवस्थापन नियमावली, २०७० |
| २७. | जलस्रोत ऐन, २०४९ |
| २८. | जलस्रोत नियमावली, २०५० |
| २९. | जलस्रोत रणनीति, २०५९ |
| ३०. | राष्ट्रिय जल योजना, २०६२ (National Water Plan, 2005) |
| ३१. | सिँचाइ नीति, २०७० |
| ३२. | वन ऐन, २०४९ |
| ३३. | वन नियमावली, २०६३ (तेस्रो संशोधन सहित) |
| ३४. | भू तथा जलाधार संरक्षण ऐन, २०३९ |

| क्रम संख्या | कानुनी व्यवस्था |
|---|---|
| ३५. | मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ |
| ३६. | संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ |
| ३७. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, |
| ३८. | सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ |
| ३९. | जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६२ |
| ४०. | वन पैदावार (काठ/दाउरा सङ्कलन  तथा वितरण निर्देशिका, २०५७ |
| ४१. | राष्ट्रिय कृषि नीति, २०६१ |
| ४२. | कृषि जैविक विविधता नीति, २०६३ |
| ४३. | पन्छीपालन नीति, २०६८ |
| ४४. | खर्क नीति, २०६८ |
| ४५. | राष्ट्रिय बीउ बिजन नीति, २०५६ |
| ४६. | पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ |
| ४७. | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ |
| ४८. | राष्ट्रिय भू–उपयोग नीति, २०६९ |
| ४९. | संक्रामक रोग ऐन, २०२० |
| ५०. | आपूर्ति नीति, २०६९ |
| ५१. | राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० |